"समुन्नत इलाम, सम्पन्न इलामेली"

# इलाम नगरपालिका इलाम

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिमको स्वतः प्रकाशन विवरण

## २०८०/०४/१० मा अद्यावधिक


**प्रमुख श्री केदार थापा**
९८५२६८५०६२, ९८५२६८०११९
mayorilammun@gmail.com

**उप-प्रमुख श्री विष्णुकुमारी लिम्बु**
९८५२६८५०६१, ९८५२६८०११८
upamayorilam@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत श्री गणेशकुमार खड्का**
९८५२६२४१११
khadkakganesh@gmail.com

**सूचना अधिकारी : प्रशासकीय अधिकृत श्री बबुल भक्त राज**
९८५२६८५०६६/९८४२६२७२४३
**babulrajlawat608@gmail.com**

**इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**इलाम**
०२७-५२००६५, ०२७-५२००६०, ०२७-५२००३०, ०२७-५२००३१
**www.ilammun.gov.np**
**mun.ilam@gmail.com**

# स्रोत नक्सा
## इलाम नगरपालिका, इलाम




आधारनक्सा स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।

नक्सांकन : जिल्ला समन्वय समिति, इलाम ।




| वडा नं. | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | 2226 | 2343 | 4569 | |
| २ | 1206 | 1247 | 2453 | |
| ३ | 1551 | 1574 | 3125 | |
| ४ | 1501 | 1533 | 3034 | |
| ५ | 2561 | 2626 | 5187 | |
| ६ | 2162 | 2349 | 4511 | |
| ७ | 2411 | 2598 | 5009 | |
| ८ | 2200 | 2366 | 4566 | |
| ९ | 3068 | 3356 | 6424 | |
| १० | 2262 | 2349 | 4611 | |
| ११ | 1775 | 1760 | 3535 | |
| १२ | 1488 | 1573 | 3061 | |
| Total | 24411 | 25674 | 50085 | |
| | | 51.30% | 48.70% | |

## स्थानीय तहको स्वरूप र प्रकृति
## नगरपालिका

परिचय

- स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता जन जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि स्थानीय निकायहरूको गठन हुने प्रावधान अनुसार स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार स्थानीय निकायको रूपमा नगरपालिकाको व्यवस्था भएकोमा नेपालको संविधानमा स्थानीय तहको संबैधानिक व्यवस्था भएपश्चात साविकका स्थानीय निकायहरु स्थानीय तहमा रुपान्तरण भई स्थानीय सरकारको रुपमा स्थापित छन् ।
- नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह बिचको सहकारित, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेश र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत अभ्यासलाइ संस्थागत गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भएको छ ।
- स्थानीय तहका रूपमा नगरपालिकाले विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था गर्ने, आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने, योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीयस्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्न सक्ने स्थानीय तहहरूको संस्थागत विकास गर्ने कार्यलाई अगाडि बढाउँछ ।
- विकेन्दीकरण भनेको अधिकारको निक्षेपण हो, विकेन्द्रीकरणको अर्को रुपमा संघीयता हो र संघीयता स्थानीय आवश्यकतामा आधारित हुन्छ । संघीयतालाई संस्थागत गरी लोकतन्त्र, विकास र मानव अधिकारको प्रत्याभूत गर्न स्थानीय सरकारको विशेष भूमिका रहन्छ ।
- इलाम नगरपालिका, नेपालको कोशी प्रदेशअन्तर्गत पहाडी क्षेत्रको एक नगरपालिकाको रूपमा वि.सं.२०१५ सालदेखि नै स्थापित रहेको छ ।

**नगरपालिकाको स्वरूप**

- नगर सभा – प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्य, वडा सदस्य
- नगर कार्यपालिका – प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्य
- नगर प्रमुख

**इलाम नगरपालिकाको छोटो परिचय**

- इलाम जिल्ला, निर्वाचन क्षेत्र नं. २ पहाडी भेगमा स्थापित इलाम नगरपालिका बि.सं. १८७५ मा सदरमुकाम तथा गौडा हुँदै बि.सं. २०१५ नगरपालिका, बि .सं. २०१९ नगर पंचायत, बि.सं. २०४७ मा पुनः नगरपालिका भएको हो ।
- राज्य पुनरसंरचनाको क्रममा गाउँपालिका तथा नगरपालिकाको पुनरसंरचना हुँदा २०७३ फागुनदेखि इलाम नगरपालिकाको क्षेत्र विस्तार भएको छ । साविकमा इलाम नगरपालिकाको क्षेत्रफल २७ वर्ग कि.मि. रहेकोमा हाल १७३.३५ वर्ग कि.मि पुगेको छ ।
- इलाम नगरपालिकाको वार्ड बिभाजन १ देखि १२ सम्म छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कले पुनरसंरचित इलाम नगरपालिकाको जनसंख्या ४८५३६ (महिला २५२३६ पुरुष २३६०६) र घरसंख्या ११४३९ थियो भने राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार इलाम नगरपालिकाको जनसंख्या ५०,०८५ (महिला-२५६७४ पुरुष-२४,४११), परिवार संख्या-१२,९५२ रहेको छ ।
- इलाम नगरपालिका एउटा पर्यटकीय नगरको रूपमा विकसित पर्यटकीय नगर हो ।
- यस क्षेत्रमा पर्यटकीय पूर्वाधारका लागि विमानस्थल, जैविक विविधताले युक्त विभिन्न पर्यटकीय स्थल, सभागृह र शैक्षिक संस्थाहरूको व्यवस्थापन कार्य तीव्रतर गतिमा भइरहेको छ ।
- आफ्नो क्षेत्रका नागरिकहरुको दैनिक तथा आवधिक आवश्यकता परिपूर्ति गर्ने स्थानीय सरकारको रुपमा सेवा प्रधान गर्दै आएको संस्था हो ।
- मुलुकमा विद्यमान् कानुनी प्रावधान अनुसार स्थापना भएको र स्थानीय सरकारले गर्नुपर्ने काम कर्तव्य र अधिकार प्रयोग गर्दै आएको निकाय हो ।
- नगरवासीहरूको आर्थिक, सामाजिक उन्नतिका लागि अग्रगामी दिशोन्मुख गराउने तर्फ लगाउने निकायको रूपमा प्रयासरत छ ।
- इलाम नगरपालिका नेपाल सरकारको आ.ब. ०६७०६८ को बजेट, नीति तथा कार्यक्रममार्फत हरितनगर घोषणा गरिएको नगर हो । हरितनगरको रूपमा संसारभर इलामको पहिचान स्थापित हुँदै गइरहेको अवस्था छ ।
- इलाम नगरपालिकाको मिति २०७७।३।१० मा बसेको सातौ नगर सभाको विशेष निर्णयबाट इलाम नगरपालिकालाई पर्यटकीय नगर घोषणा गरिएको छ ।

## इलाम नगरपालिका, इलाम
## जनसंख्या विवरण

| वडा नं. | वडाको क्षेत्रफल वर्ग किमि | कुल घरधुरी | | | कुल जनसंख्या (सन्) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सन् २००१ | सन् २०११ | सन् २०२१ | सन् २००१ | सन् २०११ | सन् २०२१ प्रारम्भिक | सन् २०२१ अन्तिम |
| १ | 20.61 | ७६१ | ९३२ | १०५८ | ३७७९ | ४०४५ | ४३७९ | ४५६९ |
| २ | 15.3 | ४७८ | ५९१ | ६०५ | २५६४ | २५६३ | २४६३ | २४५३ |
| ३ | 21.35 | ५५८ | ६३४ | ७१४ | ३०२० | २९२७ | ३१२१ | ३१२५ |
| ४ | 9.27 | ५३५ | ६३१ | ७४८ | २८८४ | ३००८ | ३०९२ | ३०३४ |
| ५ | 14.38 | ९११ | ११३९ | ११८६ | ४५९१ | ५१०१ | ५१४१ | ५१८७ |
| ६ | 4.55 | ७४६ | ९६८ | १०१७७ | ३२१६ | ३८२१ | ४३९७ | ४५११ |
| ७ | 1.03 | १२७२ | १४३५ | १०३६ | ४७४२ | ५१३२ | ५००८ | ५००९ |
| ८ | 9.82 | ७१३ | ९०२ | १०६३ | ३४६० | ३९२२ | ४५९९ | ४५६६ |
| ९ | 11.37 | १२७६ | १४२७ | १४४५ | ४८१९ | ५७५८ | ६४५० | ६४२४ |
| १० | 21.91 | ९२४ | ११३७ | १३६६ | ४६०० | ४९७८ | ४६८९ | ४६११ |
| ११ | 25.93 | ७०० | ७९९ | ८५८ | ३७०० | ३६१६ | ३६०६ | ३५३५ |
| १२ | 17.83 | ६८३ | ७८८ | ८४७ | ३६३७ | ३६६५ | ३५१० | ३०६१ |
| **जम्मा** | **173.35** | **९५५७** | **११३८३** | **११९४३** | **४५,०१२** | **४८,५३६** | **५०,४५५** | **५०,०८५** |

## इलाम नगरपालिकाको १३ औं नगरसभाबाट पारित आ ब ०८०।०८१ को नीति तथा कार्यक्रम

### १. सामाजिक विकास

**शिक्षा**

१. ज्ञानपुञ्ज सिर्जनशील प्रतिष्ठान संगको सहकार्यमा नगर क्षेत्रभित्रका शैक्षिक संस्थाहरुको तथ्यमा आधारित अवस्था विश्लेषण गर्दै समग्र उन्नयनका लागि नगर शिक्षा योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२. नगरको शैक्षिक उन्नयनका लागि पूर्वाञ्चलन विश्वविद्यालय काठमाडौ विश्व विद्यालय लिटिल एन्जल्स विद्यालय र शैक्षिक संस्था लगायतका सीप विकास तालिम प्रदायक संस्थाहरुको सहकार्यमा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नतिजामा आधारित सूचकका आधारमातेश्रो पक्ष समेतको सहभागितामा विद्यालयहरुको अनुगमन गरि असल अभ्यासहरुको प्रबर्द्धन र समस्याहरुको समाधान गर्ने नीति अबलम्बन गरिने छ ।

४. शैक्षिक उपलब्धिमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय र उत्कृष्ट शिक्षकलाइ नगर शिक्षा पदकबाट सम्मान गरिने छ ।

५. Book Free Friday को अवधारणा अनुरुप हरेक साता एक कृयाकलाप, हरेक महिना एक प्रतियोगिता कार्यक्रम मार्फत बालबालिकाको प्रतिभा विकास गर्ने नीति अबलम्बन गरिने छ ।

६. मेरो विद्यालय आफै बोल्छ कार्यक्रम अन्तर्गत विद्यालयकाअनुकरणीय अभ्यास, शैक्षिक उपलब्धी  र अब्बल विद्यार्थीहरुको अभिलेख राखि उजागर गर्ने नीति अबलम्बन गरिने छ ।

७. विद्यालय कर्मचारीहरुका लागि लेखा व्यवस्थापन तालिम र तथ्याङ्क अद्यावधिक अभिमुखीकरण तालिम संचालन गरि विद्यालयहरुको संस्थागत क्षमता र कार्यदक्षता अभिवृद्धी गरिनेछ ।

८. विद्यालयका सूचना अधिकारीहरुलाइ आवश्यक तालिम प्रदान गरिने छ ।

९. प्रविधिमा आधारित शैक्षिक प्रशासन र व्यवस्थापनमा विद्यालयहरुको पहुँच विस्तार गरिने छ

१०. नगरको आकांक्षा, माटो सुहाउदो शिक्षा को अवधारणा बमोजिमनगरका विविध पक्षहरु संग बालबालिकालाइ साक्षात्कार गर्न स्थानीयपन सुहाउंदो इलामको सेरोफेरो नामक स्थानीय पाठ्यक्रम तयार गरि लागु गरिने छ

११. बालवालिकाको सिकाइको विषयगत दायरालाइ फराकिलो बनाउन र शिक्षण अभावलाइ परिपुर्ति गर्न मेरो ज्ञान, शैक्षिक उन्नतिका लागि दान कार्यक्रम अन्तर्गत स्वयंसेवक श्रोत शिक्षक परिचालनको नीति कार्यान्वयन गरिने छ ।

१२. कक्षालाइ बालबालिकाहरुको नेतृत्व अभ्यास गर्ने, योजनाबद्ध कार्य सम्पादन गर्ने र सिकाइ कृयाकलापहरुको अभिलेखाङ्कन गर्ने समूहका रुपमा क्रियाशील गर्न कक्षा ६ भन्दा माथि कक्षा कोठा डायरी कार्यक्रम संचालन गरिने छ ।

१३. मेयर छात्रबृत्ति कार्यक्रम अन्तर्गत रत्नकुमार बान्तवा पोलिटेक्निकल इन्टिच्यूट (CTEVT) मा अध्ययनरत विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाइ दिइएको छात्रबृत्तिलाइ निरन्तरता दिंदै आगामी बर्षका लागि पशु विज्ञान, बाली विज्ञान र वन विज्ञानमा १/१ जना नयाँ छात्रछात्रालाइ छात्रबृत्ति उपलब्ध गराइने छ । इलाम सामुदायिक कृषि क्याम्पसमा वि. एस्सी एजी अध्ययनका लागि प्रवेश परिक्षामा उत्कृष्ट अंक ल्याउने नगरक्षेत्र भित्र स्थायी वसोबास भएका विपन्न तथा

जेहेन्दार २ जना छात्र र २ जना छात्रालाइ ५० प्रतिशत छात्रबृत्ति उपलब्ध गराइने छ ।साथै उच्च शिक्षा अध्ययन गर्ने इलाम नगर क्षेत्रका विद्यार्थीहरुलाइ प्रोत्साहन सहायता उपलब्ध गराइने छ ।

१४. इलाम नगरमा सामुदायिक नर्सिंग कलेज स्थापनाको लागि सम्भाव्यता अध्ययन र स्थापनामा जोड दिइनेछ ।

१५. महेन्द्ररत्न बहुमुखी क्याम्पसमा विज्ञान कानुन लगायत व्यावहारिक र रोजगारमूलक विषय पठनपाठनका लागि आवश्यक समन्वय गरिनेछ ।

१६. इलाम अस्पतालमा स्थापित स्वास्थ्य हेल्प डेस्कलाई व्यवस्थित ढङ्गले सञ्चालन गरिनेछ र इलाम मेडिकल कलेजको स्थापनाका लागि नगरपालिकाको दायित्वमा पर्ने जग्गा व्यवस्थापन गराउने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

**सामाजिक सुरक्षा र संरक्षण**

१. मनमोहन अधिकारी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत विपन्न जेष्ठ नागरिक, दलित दलित जेष्ठ नागरिक, कडा रोग लागेका बिरामी र सुत्केरीहरुका लागि सामाजिक सुरक्षा र संरक्षणका विभिन्न उपकरणहरु कार्यान्वयन गरिने छ ।

२. नगरको चाहना, जेष्ठ नागरिकको सु-स्वास्थ्यको कामना अन्तर्गत दलित जेष्ठ नागरिक र विपन्न जेष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिने छ ।

३. नगरको आकांक्षा, सुत्केरीको सुरक्षा नारालाइ सार्थक तुल्याउन सुत्केरीहरुलाइ निःशुल्क एम्बुलेन्स सेवा र प्रसुती पोषण भत्ता उपलब्ध गराइने छ ।

४. नगरको हात, कडा रोगका बिरामीलाइ साथअन्तर्गत कडा रोगका बिरामीहरुलाइ आर्थिक सहायता उपलब्ध गराइने छ ।

५. माइ भगवती बृद्धाश्रम वडा न १० र राहसल बाल अनाथलय वडा नं ९ लाइ संचालन अनुदान उपलब्ध गराइने छ ।

**स्वास्थ्य**

१. इलाम अस्पतालमा चिकित्सकहरुको अधिकतम कार्यदिनको सेवालाइ प्रोत्साहित गर्दै बिरामीहरुलाइ राहत प्रदान गर्न मासिक २० कार्यदिन भन्दा बढी हाजिर गरि कार्य गर्ने चिकित्सकहरुलाइ कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराइने छ ।

२. जराधार तहमा जनस्वास्थ्यका खम्बाका रुपमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुको उत्प्रेरणाका लागि महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रम अन्तर्गत प्रोत्साहन भत्ता उपलब्ध गराइने छ ।

३. उत्कृष्ट सेवा प्रवाह गर्ने महिला स्वयंसेविकालाइ बार्षिक रुपमा सम्मान गरिने छ ।

४. पूर्ण खोप अभियानलाइ जोड दिंदै पूर्ण खोप पुरा गरेका वडाहरु लाइ पूर्ण खोप प्रमाण-पत्र उपलब्ध गराइने छ

५. नगरको चासो, बाल स्वास्थ्य जाँचको खाँचो कार्यक्रम अन्तर्गत जन्म देखि २३ महिना सम्मका बच्चाहरुको नियमित बृद्धि अनुगमन गरि पूर्ण बृद्धि अनुगमन गरेका बालबालिकालाइ प्रोत्साहन गरिने छ ।

६. घर घरमा नगर कार्यक्रम अन्तर्गत नेपाल परिवार नियोजन संघ संगको सहकार्यमा प्रोस्टेट, पाठेघर र स्तन क्यान्सर स्क्रिनिङका लागि निः शुल्क शिविर र नागरिक स्वास्थ्य क्लिनिक संचालन गरिने छ ।

७. निजि अस्पतालहरु, इलाम अस्पताल, इलाम सामुदायिक आँखा अस्पताल र नेत्र ज्योती संघसंगको सहकार्यमा एकिकृत स्वास्थ्य शिविर संचालन गरिने छ ।

८. बढ्दो मानसिक रोग र आत्महत्यालाइ न्यूनीकरण गर्न सुरक्षित आप्रवासन कार्यक्रम संगको सहकार्यमा विद्यालयमा मानसिक स्वास्थ्य तथा परामर्श कक्षाहरु संचालन गरिने छ ।

९. सुर्तीजन्य पदार्थ र गुट्काहरुको बिक्रि वितरणलाइ सरोकारवाला निकायहरु संगको सहकार्यमा कानुन बमोजिम नियमन गरिने छ ।

१०. इलाम अस्पताललाइ ३०० शैयाको अस्पतालका रुपमा स्तरोन्नती गर्न पहल गरिने छ ।

**महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक**

१. उप-प्रमुख उद्यमशीलता प्रबर्द्धन कार्यक्रम अन्तर्गत महिला, दलित,वालबालिका र जेष्ठ नागरिकहरुका लागि उपयोगी सीप विकास एवं क्षमता अभिबृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

२. शिक्षित नगरपालिका, सुरक्षित वालवालिका नाराका साथ वालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक आधारहरु निर्माण गरिनेछ ।

३. जेष्ठ नागरिक संग उप-प्रमुख कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकहरुका लागि आयुर्वेदिक स्वास्थ्य उपचार शिविर संचालन गरिने छ ।

४. जेष्ठ नागरिकहरुको सामाजिक , आर्थिक र सांस्कृतिक वृद्धि एवं विकास गर्न र स्वास्थ्य सेवाको पहुँचलाइ सरल , सहज र सुलभ बनाउन जेष्ठ नागरिक मिलन केन्द्रहरुलाइ क्रियाशील तुल्याउंदै जेष्ठ नागरीक सँग मेयर कार्यक्रम सञ्चाल कार्यक्रम सञ्चालन गरिनेछ न।

५. अपाङ्गता सहायता कक्षलाइ थप सुदृढ बनाइ अपाङ्गता भएका व्यक्तिहरुलाइ एकद्वार प्रणालीबाट सेवा प्रदान गरिने छ ।

६. घर घरमा नगर कार्यक्रम अन्तर्गत पूर्णरुपमा हिडडुल गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरुलाइ घरमा नै गएर परिचय पत्र वितरणको व्यवस्था मिलाइने छ।

७. अपाङ्गता रोकथाम गर्न र फरक क्षमता भएका व्यक्तिहरुको क्षमताको प्रबर्द्धन गर्न अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम संचालन गरिने छ ।

८. इलाम अस्पतालमा अपाङ्गतामैत्री शौचालय निर्माणका निमित्त समन्वय गरिने छ ।

**आदीवासी जनजाती, भाषा साहित्य तथा संस्कृति**

१. पत्रकारिता क्षेत्र संगको सहकार्यमा इलाम नगरपालिका क्षेत्र भित्र बसोबास गर्दै आएकाआदिवासी जनजाती समुदायका लोपोन्मुख लेप्चा र सुनुवार जातीहरुको भाषा तथा संस्कृतिको संरक्षण र प्रचार प्रसारका लागि विशेष कार्यक्रमहरु संचालन गरिने छ ।

२. उप-प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत लोक संस्कृति झल्काउने परम्परागत बाजा र संगीतको संरक्षण गर्न समूहगत रुपमा परम्परागत बाजा बजाउने प्रशिक्षण प्रदान गरिने छ ।

३. आदिवासी जनजातीहरुको समाधीस्थलको सुरक्षा र संरक्षणको व्यवस्था मिलाइने छ ।

४. पर्यटनका लागि साहित्य नारा सहित नगर स्तरीय साहित्य कला प्रतिष्ठानको अगुवाइ र सरोकारवाला संस्थाहरु संगको सहकार्यमा इलाम साहित्य सम्मेलनको आयोजना गरिने छ।

**युवा तथा खेलकुद**

१. वैदेशीक रोजगारी होइन दिर्घकालिन निकास युवा सहभागिता सहितको आर्थिक विकास , भन्ने नाराका साथ युवा उधमी सगै मेयर "' कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

२. युवाहरुलाइ विकास निर्माणका कार्यमा सहभागि बनाइ नगरका विकास कार्यमा अपनत्व सिर्जना गर्न प्रत्येक उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा २५ बर्ष भन्दा कम उमेरको युवालाइ समावेश गर्ने व्यवस्था मिलाइने छ

३. स्वास्थ्यका लागि खेलकुदको नारालाइ सार्थक तुल्याउदै विद्यार्थीहरुको खेल प्रतिभालाइ प्रष्फुटन गराउन नगर स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गरिने छ ।

४. पर्यटनका लागि खेलकुद कार्यक्रम अन्तर्गत सरोकारवाला संस्थाहरु संगको सहकार्यमा विभिन्न विधाका खेलकुद प्रतियोगिताहरु आयोजना गर्नुको साथै विभिन्न प्रतियोगिताहरुलाइ प्रस्तावका आधारमा सहयोग गरिने छ ।

## <u>२.आर्थिक विकास</u>

**कृषि तथा पशुपंक्षी**

१. गरिव संग विश्वेश्वर कार्यक्रम अन्तर्गत गरिव किसानहरुको जिवन स्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने गरि कृषि तथा पशुपंक्षि सम्वन्धी विभिन्न कृषक ज्ञान, सीप तथा क्षमता विकास, प्रविधि प्रसार, उत्पादकत्व बृद्धि तथा कृषक सहयोग कार्यक्रमहरु संचालन गरिने छ ।

२. रसायन प्रयोग र तापक्रम बृद्धिले गर्दा माटोको उर्वराशक्ति कायम राख्ने तत्वहरु नासिन नदिन एकिकृत खाद्यतत्व व्यावस्थापनका लागि माटो परीक्षण प्रयोगशाला (मिनी ल्याब) संचालनमा ल्याईने छ ।

३. जलवायु परिवर्तनका कारण जलवायुमा उत्पन्न हुने प्रकोप न्युनिकरण र जैविक पद्धती सन्तुलनका लागिगोठेमल सुधार, प्राङ्गारिक मल, गड्यौले मल उत्पादनका लागि सीप तथा क्षमता विकास तालिम संचालन गरिने छ ।

४. उप-प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रमअन्तर्गत न्यून आय भएका युवा तथा महिलाहरुलाइ आयमुलक उद्यम संग जोडन च्याउ उत्पादन तथा मौरीपालन तालिम कार्यक्रम सचालन गरिने छ ।

५. कृषि तथा पशु संग सम्वन्धित आधारभुत सेवालाइ वडा तह सम्म विस्तार गर्न **एक कृषक समुह, एक कृषक गुरु** तयार गर्ने उद्देश्य सहित उप-प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषक गुरु प्रशिक्षण कार्यक्रम संचालन गरिने छ।

६. कृषि क्षेत्रका नवीनतम् ज्ञान, सीप र प्रविधि सम्वन्धी जानकारीमा कृषकहरुको सहज पहुँच सुनिश्चित गर्न स्थानीय एफ एम रेडियोहरु संगको सहकार्यमा कृषि शिक्षा रेडियो कार्यक्रम संचालन गरिने छ ।

७. कृषि कार्यहरुको व्यवसायीकरणका लागि सरोकारवाला संघ संस्थाहरु संगको साझेदारीमा कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम संचालन गरिने छ ।

८. कृषि क्षेत्रको एकीकृत गुरुयोजना निर्माणको आधार तयार गर्न सूचीकृत किसानहरुको बर्गीकरण गरि वर्गिकृत पहिचान सहितको परिचय-पत्र उपलब्ध गराइनेछ ।

९. जलबायु परिवर्तनको असरका कारण उत्पन्न हुने रोग किराहरुको प्रकोप न्यूनीकरण गर्न आकस्मिक रोग किरा नियन्त्रण कार्यक्रम संचालन गरिने छ ।

१०. इलाम सामुदायिक कृषि क्याम्पस संगको सहकार्यमा माटो परीक्षण, प्राकृतिक शत्रु जीव व्यवस्थापनका लागि घुम्ती तालिम र बाली उपचार घुम्ती शिविर संचालन गरिने छ ।

११. उत्थानशील कृषिको आधार, बीमा सेवाको विस्तार अन्तर्गत बिमा कम्पनीहरु संगको सहकार्यमा कृषि /पशुपंक्षी तथा विपद बीमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१२. HEIFER International Nepal संगको लागत साझेदारीमाकृषि तथा पशु विकास कार्यक्रम संचालन गरिने छ ।

१३. नगर क्षेत्रमा रोजगारी सिर्जनाका लागितिल्केनी बुङ्गदामेटारमा औद्योगिक ग्राम, पुवामझुवामा लोक्ता उद्योग, इलाम शेरामा पानी उद्योग, सांगरुम्वामा बाँसको सामग्री उत्पादन उद्योग, इलाम तिल्केनीमा कुचो, इलाम नगरपालिका वडा नं १, २, ३, ४, ५ लाई लक्षित गरी सब्जी गुन्द्रुक तथा अचार जाम, सोयाक निरफोकमा सुपारी पकेट क्षेत्र स्थापनाका लागिउद्योग वाणिज्य संघसँग लगायतका सरोकारवाला निकायहरु संगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ ।

१४. कृषिजन्य उत्पादनहरु संकलन गरी बजारीकरण गर्नका लागि कृषि थोक पसल र वडा वडामा कृषि संकलन केन्द्र स्थापना गर्ने कार्यलाई सहयोग गरिनेछ ।

१५. नगरमा बाँदरको आतंकले कृषि उत्पादनमा ह्रास आएको हुँदा पारिस्थितिक प्रणालीलाई असर नगर्ने गरी संघीय तथा प्रदेश सरकारका निकायहरु संगको सहकार्यमा वैज्ञानिक ढंगबाट बाँदरको व्यवस्थापनका लागि कार्ययोजना तयार गरिनेछ ।

१६. गरिवी निवारण तथा सामाजिक परिचालन कोषबाट सहकारी सस्थामार्फत कृषकहरुलाई ऋण सुविधा प्रवाह गरी वित्तीय साक्षरता तथा सहकारी शिक्षा प्रवर्द्धन गरिनेछ ।

१७. एक वडा एक उत्पादन कार्यक्रमका लागि वडागत रुपमा उत्पादनको पहिचान गरिने छ ।

१८. नगर क्षेत्र भित्र उत्पादित अर्गानिक चियाको प्रमाणिकरणमा सहयोगका लागि नेपाल चिया कफी विकास वोर्ड लगायतका निकाय संग समन्वय गरिने छ ।

१९. नगर क्षेत्र भित्र उत्पादित चियाको Origin Certificate इलाममा नै जारी गर्ने व्यवस्थाका लागि पहल गरिने छ ।

२०. विषादी परिक्षण प्रयोगशाला स्थापनाका लागि प्रस्ताव तयारी गरि सम्वन्धित निकायमा पेश गरिने छ ।

२१. वडा नं. ७ मा बहुतले पार्किङ सहितको कृषि बजार भवन निर्माणका लागि प्रारम्भिक कार्य थालनी गरिने छ ।

२२. मिनि कोल्ड स्टोर निर्माणका लागि संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरिने छ ।

२३. आधारभुत पशु सेवामा ग्रामीण भेगका पशुपालक कृषकहरुको पहुँच विस्तारका लागि निजी पशु प्राविधिकहरु लाइ औजार उपकरण खरिद अनुदान उपलब्ध गराइ सेवा प्रवाहमा उत्प्रेरित गरिने छ ।

२४. पशु रोगको निदान तथा परजिवीको नियन्त्रण एवं उपचारका लागि घर घरमा नगर कार्यक्रम अन्तर्गत पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।

२५. कृतिम गर्भाधान मार्फत नक्ष सुधारका लागि कृषकहरुलाइ उन्नत जातको सेक्सड सिमेन उपलब्ध गराइने छ ।

२६. नगरका विभिन्न पशुपालन क्षेत्रहरुलाइ गाइ तथा बाख्रा जोनका रुपमा विकास गर्न उपयुक्त क्षेत्रहरुको पहिचान र आधार तयारीका कार्यहरु संचालन गरिने छ ।

२७. इलाम नगरपालिका वडा नं. १ मा स्थापनाको क्रममा रहेको कृषि अनुसन्धान केन्द्रका लागि जग्गा व्यवस्थापन गर्न र प्रयोगशालाका लागि भोटेडाँडा स्थित पर्ति जग्गा उपलब्ध गराउन पहल र समन्वय गरिने छ ।

**पर्यटन प्रबर्द्धन**

१. पत्रकारिता क्षेत्र संगको सहकार्यमा इलाम नगर क्षेत्र भित्रका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार तथा प्रबर्द्धनका कार्यहरु अघि बढाइने छ ।

२. नेपाल पर्यटन बोर्ड संगको सहकार्यमा पर्यटन प्रबर्द्धनका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

३. उप-प्रमुख उद्यमशीलता प्रबर्द्धन कार्यक्रम अन्तर्गत होटल व्यवसायी संघ इलाम संगको सहकार्यमा होटल व्यवसाय प्रबर्द्धनका लागि उपयोगी हुने सीप विकास तथा क्षमता अभिबृद्धि तालिम संचालन गरिने छ ।

४. इलाम सदरमुकाममा पर्यटकहरुको आकर्षण गर्न र होटल तथा होमस्टेमा रात विताउने वातावरण वनाउन होटल व्यवसायी संघको अगुवाइमा पाहुना स्वागत तथा सम्मान कार्यक्रम संचालन गरिने छ ।

५. इलाम नगरको पर्यटकीय आकर्षण अभिबृद्धिका लागि निजी क्षेत्र संग सहकार्य गरिने छ ।

६. पर्यटन प्रबर्द्धनका लागि सवारी चालक तथा कर्मचारीहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

७. नगर पर्यटन सूचना केन्द्र स्थापना तथा संचालन गरिने छ ।

८. Agro - Tourism का कृयाकलाप संचालनका लागि संभाव्य क्षेत्रहरुको पहिचान गरिने छ ।

९. नेपाल चिया तथा कफी विकास वोर्ड, निजी चिया कम्पनी तथा सरोकारवाला संस्थाहरु संगको सहकार्यमा इलाममा उत्पादित चियाको बजारीकरणका लागि अन्तर्राष्ट्रिय चिया एक्स्पो आयोजना गरिनेछ ।

१०. इलाम नगरपालिका वडा नं १ स्थित भोटे डाँडामा प्रधानमन्त्री राष्ट्रिय पार्क निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयारी कार्य अघि बढाइने छ ।

**सिंचाइ**

१. आ.व. २०८०/८१ मा संचालन हुने ९ वटा साना सिंचाइ आयोजनाहरुको माध्यमबाट थप ४७२३ रोपनी कृषि योग्य जमिनमा सिंचाइ सुविधा पुर्याइने छ ।

२. मझौला सिंचाइ आयोजना तथा नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनाहरुको संभाव्यता अध्ययन गर्न पहल गरिने छ ।

**सहकारी**

१. सहकारी क्षेत्रको सुचना, तथ्यांकहरुलाई नियमित, विश्वसनिय, वास्तविक बनाई व्यवस्थापन सूचना प्रणालीमा आधारित अनुगमन, नियमन पद्धति स्थापित गर्न जिल्ला सहकारी संघसँगको सहकार्यमा COPOMIS तालिम संचालन गरिने छ ।

२. नतिजामा आधारित अनुगमन सूचकका आधारमा सहकारी संस्थाहरुको नियमित अनुगमन गरि सहकारी संस्थाहरुको विस्तृत अद्यावधिक प्रोफाइल तयार गरिनेछ ।

३. खारेज हुन वा एक अर्कामा गाभिन चाहने सहकारीहरुका लागि खारेजी वा मर्जको प्रकृया अघि बढाइने छ

४. संरक्षित खनजोत गरि दिगो भू- व्यवस्थापन गर्न र अर्गानिक तरकारी खेतीमा बहुवाली प्रणाली र बाली मौसमी पात्रोलाई कार्यान्वियन गर्न जिल्ला सहकारी संघ संगको सहकार्यमा व्यवसायिक अर्गानिक तरकारी खेती (मौसमी तथा बेमौसमी) कार्यक्रम कार्यान्वयन गरिने छ ।

**उद्योग, वाणिज्य तथा उद्यम विकास**

१. इलाम नगरपालिकालाइ सेनेटरी प्याड उत्पादनमा आत्मनिर्भर बनाउन नगरपालिकाको ४० प्रतिशत अनुदान सहायता र निजी क्षेत्रको लगानीमा सेनेटरी प्याड उद्योगको स्थापना गरिने छ ।

२. टुथपिक (बाँसको सिन्का) उत्पादनमा आधारित उद्योग स्थापनाका लागि निजी क्षेत्रलाइ प्रोत्साहित गरिने छ ।

३. उप-प्रमुख उद्यमशीलता प्रबर्द्धन कार्यक्रम अन्तर्गत तालिम प्रदायक संस्थाहरु समेत संगको सहकार्यमा बर्तमान बजारको माग र आवश्यकता बमोजिमका सीप तथा उद्यमको विकासका लागि तालिम कार्यक्रम संचालन गरिने छ ।

४. नगरपालिकाबाट सीपमूलक तालिम प्राप्त गरेका महिला उद्यमीहरुलाइ व्यवसायिक प्रस्तावका आधारमा उप-प्रमुख महिला सीप विकास कोषबाट सहुलियतपूर्ण ऋण उपलब्ध गराइने छ ।

५. मेरो नगर मेरो घर, मैरै उन्नतिका लागि कर कार्यक्रम अन्तर्गत उद्योग वाणिज्य संघ इलाम संगको सहकार्यमा साना व्यवसायीहरुका लागि कर सचेतना तथा कर सहभागिता अभिबृद्धि कार्यक्रम संचालन गरिने छ ।

६. सुरक्षित आप्रवासन कार्यक्रम र उद्योग वाणिज्य संघ इलाम विचको सहकार्यमा व्यवसायीहरुका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरिने छ ।
७. नगरस्तरिय उपभोक्ता हकहित संरक्षणमंचको गठनका लागि सहजीकरण गरिने छ ।
८. नगरपालिकाको Integrated Digital Profile मार्फत नगर क्षेत्र भित्र रहेका सबै उद्योग व्यवसायहरुको एकिकृत विवरण तयार गरिने छ ।
९. साना तथा घरेलु उद्योगहरुको संचालनमा सहजिकरण गरिने छ ।
१०. नगर भित्र रहेका उत्कृष्ट उद्यमीलाइ समृद्ध उद्यम पुरस्कारबाट प्रोत्साहित गरिने छ ।

**श्रम तथा रोजगार**

१. मजदुरी बाध्यता हो , होइन रहर को अवधारणा बमोजिम हरेक मजदुर सँग मेयर कार्यक्रम सञ्चालन गरिनेछ ।
२. उप-प्रमुख उद्यमशीलता प्रबर्द्धन कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत श्रमिकहरुलाइ बर्गिकरण गरि दक्ष श्रमिकका रुपमा विकास गर्न उपयुक्त सीप विकास तालिम संचालन गरिनेछ ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम संगको सहकार्यमा सूचीकृत श्रमिकहरुको उपयोग गरि पूर्वाधार निर्माणका कार्यहरु संचालन गरिनेछ ।
४. बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको ज्ञान, सीप र क्षमतालाइ स्वदेशी उद्यम तथा स्वरोजगारीका क्षेत्रसंग जोड्न उपयुक्त सीप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।
५. वैदेशिक रोजगारीमा गइ समस्यामा परेका व्यक्तिहरुको उद्दार तथा राहतका लागि सुरक्षित आप्रवासन कोष मार्फत सहयोग उपलब्ध गराइनेछ ।

३. <u>पूर्वाधार विकास</u>

१. संघीय सरकारको बजेट सहयोग र नेपाली सेना संगको सहकार्यमा इलाम जिल्ला सदरमुकाम स्थित ठूलो टुंडीखेललाइ आधुनिक रंगशालाका रुपमा विकास गर्नका लागि निर्माण कार्य शुरु गरिने छ ।
२. Faceless Governance को अवधारणा बमोजिम उपभोक्ता समिति मार्फत संचालन गर्ने भनि निर्णय भएका लागत सहभागिताको अंश बाहेक पाँच लाख सम्मका योजनाहरुका उपभोक्ता समितिले योजना संझौता, पेश्की भुक्तानी, निर्माण बील भुक्तानी लगायतका कुनै पनि कार्यहरुका लागि नगर कार्यपालिकाको कार्यालयमा आउनु नपर्ने गरि वडा स्तरमा नै कार्य गर्ने व्यवस्था मिलाइने छ ।
३. घर घरमा नगर कार्यक्रम अन्तर्गत साविक इलाम नगरपालिका क्षेत्र बाहेकका वडाहरुमा घर नक्शा पास घुम्ति सेवा संचालन गरिने छ । घुम्ति सेवाको अवधिमा हुने घर नक्शा पासमा जरिवाना छुट दिइने छ ।
४. इलाम नगर क्षेत्र भित्रका खानेपानी योजनाहरुलाइ संघीय कानुन र इलाम नगरपालिकाको खानेपानी ऐनबमोजिम संचालन गर्ने व्यवस्था मिलाइने छ ।
५. उज्यालो नगर अभियान अन्तर्गत टोल विकास संस्थाहरु संगको सहकार्यमा सडक वत्तिको निर्माण र व्यवस्थापनका कार्य शुरु गरिने छ ।
६. वडा नं ७ स्थित सानो टुँडीखेलको सुरक्षा गरि उपयुक्त प्रयोजनमा उपयोगको व्यवस्था मिलाइने छ ।
७. भूउपयोग नीति बमोजिम बाँझो जमिनमा सामुहिक तथा व्यक्तिगत रुपमा खेती गर्न प्रोत्साहन गरिनेछ ।
८. सार्वजनिक तथा सरकारी जमिनहरुको व्यवस्थित अभिलेख राखि उचित संरक्षण र विकासका कार्य अघि बढाइने छ।
९. डिभिजन सडक कार्यालय संगको सहकार्यमा मेची राजमार्गको १५ मिटर सडक क्षेत्र भित्र घर संरचना निर्माणलाइ कडाइका साथ निषेध गरिने छ ।
१०. सुकुम्वासी र अव्यवस्थित वसोवासीलाई राष्ट्रिय भूमि आयोगमार्फत जग्गाधनी प्रमाण पुर्जा प्रदान गर्नेकार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।
११. The Australian Volunteers Programसंगको सहकार्यमा एकीकृत सहरी विकास योजना तयार गरिने छ ।
१२. नेपाल टेलिकम लगायतका इन्टरनेट सेवा प्रदायकहरु संगको सहकार्यमा नगर क्षेत्र भित्रका महत्वपूर्ण सार्वजनिक स्थलहरुमा FREE WIFI सेवा उपलब्ध गराइने छ ।

४. <u>वन वातावरण तथा विपद व्यवस्थापन</u>

१. **"स्वच्छ नगर सक्षम नागरिक"** भन्ने नाराको साथ वातावरण मैत्री स्थानीय शासन संचालन गर्ने नीतिलाई अंगिकार गरिनेछ ।
२. **"सफा र सुन्दर चिया वगान, पर्यटकीय नगरको पहिचान"** कार्यक्रम अन्तर्गत ऐतिहासिक चिया बगान क्षेत्र र पर्यटकिय स्थानहरुमा सार्वजनिक डस्टविन र सचेतनामूलक बोर्डको व्यवस्थाका लागि बैंकर्स एसोसिएसन र बैंकहरुसंग सहकार्य गरिनेछ ।
३. **"नगरको आश, सकारात्मक परिवर्तनमा युवाको साथ"** कार्यक्रम अन्तर्गत इलाम ग्रीनसंगको सहकार्यमा पोलिथिन झोला मुक्त क्षेत्र र धुम्रपान निषेधित सार्वजनिक क्षेत्र अभियानका लागि सचेतना एवं निगरानी कार्यक्रम संचालन गरिनेछ ।
४. हरितनगरको सुन्दरता कायम राख्न सार्वजनिक स्थलहरुमा भित्ते लेखन तथा पर्चा पम्प्लेट टाँस्ने कार्यलाई पूर्णतः निषेध गरि प्रचारप्रसारका लागि बैकल्पिक स्थानको व्यवस्था गरिनेछ ।
५. स्वास्थ्य र वायुमण्डल बचाऔं अभियान अन्तर्गत हरित शान्ति अभियानसँगको सहकार्यमा प्लाष्टिकजन्य फोहोर जलाउने कार्यलाई पूर्ण रुपमा निषेध गर्न सचेतनामूलक र निगरानी कार्यक्रम संचालन गरिने छ ।
६. वातावरण मन्त्रालयसँगको सहकार्यमा वडा नं. ३ को पाटेनागी क्षेत्रमा वायु प्रदुषण मापन केन्द्र स्थापना गरिने छ ।
७. मेरो हरित विद्यालय कार्यक्रम अन्तर्गत प्रत्येक वडाको एक विद्यालयमा सूचकका आधारमा पुष्प बगैंचा र सरसफाइका कार्यहरु संचालन गरिने छ ।
८. माइखोला, पुवाखोला र ६ नं वडाको गुम्बा शवदाहवेदिका क्षेत्रमा गरिने दाहसंस्कारमा टायरको प्रयोगलाई निरुत्साहितका लागि सचेतनामूलक सूचना बोर्ड र बैकल्पिक उपायको प्रयोगका लागि स्थानीय बन उपभोक्ता समुह तथा वन पैदावर व्यवसायी संघसंग सहकार्य गरिनेछ ।

९. बढ्दै गएको शहरीकरणका कारण बृद्धि हुंदै गएको फोहोर उत्पादनको व्यवस्थापनका लागि वडाहरुको समन्वयमा फोहोरमैला संकलन केन्द्रका लागि उपयुक्त स्थान पहिचान गरिनेछ ।

१०. Environment & Public Health Organization (ENPHO) संगको सहकार्यमा नगरको ढल व्यवस्थापनका लागि Shit Flow Diagram मा आधारित भएर कार्यविधि बनाईने छ ।

११. ढलमा दिसाजन्य लेदो मिसाउने दण्डनीय कार्यलाई बन्द गर्न नियमित अनुगमन गरी जरिवाना गरिनेछ ।

१२. नगरको पहिचानका लागि रेडपाण्डाको संरक्षण अभियान अन्तर्गतRed Panda Network संगको सहकार्यमा पाटेनागी क्षेत्रमा रेडपाण्डा संरक्षण कार्यक्रम संचालनका लागि समिति गठन गरि अभिमुखीकरण गरिनेछ

१३. जोगाऔं जमिन जोगाऔं जंगल अभियान अन्तर्गत बन उपभोक्ता समितिको बार्षिक योजनामा सडकको दायाँबायाँ र भिरालो जग्गामा बृक्षारोपणको कार्यक्रम अनिवार्य रुपमा समावेश गर्ने व्यवस्था गरिनेछ ।

१४. चक्रिय आर्थिक प्रणाली मार्फत स्थानीय जनजीविका उत्थान कार्यक्रम अन्तर्गत बनस्पति कार्यालयसंगको सहकार्यमा नगरको उत्तरी क्षेत्रमा ( वडा नं १ र ३) लोक्ता खेती र जडीबुटीको पकेट क्षेत्र पहिचान गरिने छ ।

१५. डिभिजन बन कार्यालय संगको समन्वयमा सामुदायिक वन उपभोक्ता समितिको बार्षिक योजनामा वन्यजन्तुको आहाराको रुपमा प्रयोग हुने फलफुलका विरुवा रोपण तथा संरक्षण कार्यक्रम अनिवार्य रुपमा समावेश गर्न लगाइनेछ ।

१६. सन्ततिका लागि पानीका स्रोत बचाऔंकार्यक्रम अन्तर्गत ऐतिहासिक महत्व बोकेका खानेपानीका मुहान, धारा,कुवा, पोखरी र सिमसार क्षेत्रहरुको संरक्षणका लागि एकीकृत लगत तयार गरिनेछ

१७. जलवायु परिवर्तनका असरहरु न्यूनीकरण गर्न तथा स्थानीय अनुकुलता हासिल गर्न सहयात्रा नेपाल र Prakriti Resources Centre संगको सहकार्यमा स्थानीय जलवायु अनुकुलन योजना तयार गरि लागू गरिने छ ।

१८. इलाम नगरपालिका, क्यानेडियन राजदुतावास र NCDC वीचको सहकार्यमा इलाम नगरपालिका वडा नं११ सोयाकको बेलासेमा जलवायु अनुकुलन नमूना गाउँ निर्माण गरिनेछ ।

१९. विपदको पूर्वतयारीका लागिनेपाल आर्मी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, जिल्ला प्रशासन, रेडक्रस सँगको समन्वयमा विपदको अवस्थामा तत्काल उद्धारका लागि Quick Response Team निर्माण गरीने छ ।

२०. वडा स्तरीय, नगर स्तरीय र जिल्ला स्तरीय विपद व्यवस्थापन समितिलाई समावेश गरि विपद जोखिम सूचना व्यवस्थापन प्रणाली तयार गरिनेछ ।

२१. आपतकालीन कार्यसञ्चालन केन्द्रलाई आवश्यक सामग्रीहरु थप गरी जिल्लार केन्द्र सँग जोड्ने र विपद उद्धारका लागि आवश्यक न्यूनतम सामग्री तयारीअवस्थामा राखिनेछ ।

२२. नेपाल आर्मीसँगको सहकार्यमा रात्रीकालिन हेलिकप्टर सेवाका लागि हेलिप्याड निर्माण स्थलको पहिचान गरिनेछ ।

२३. विपद जोखिम न्यूनीकरणका लागि नगर क्षेत्रभित्रका खुला क्षेत्रहरु पहिचान गरी लगत अद्यावधिक गरिनेछ

२४. वीमा गरिएका निजी घर/भवनहरुको नक्शा पास दस्तुरमा १० प्रतिशत छुट दिइने छ ।

२५. उत्थानशील शहर निर्माण अभियान (MCR 2030 Campaign) को सदस्यका रुपमा रहेको इलाम नगरपालिकालाइ UNDRR Scorecard बमोजिमका कार्यहरु योजनाबद्ध रुपमा सम्पादन गर्दै उत्थानशील सहरका रुपमा विकास गर्न MCR Implementation Plan तयार गरिने छ।

**५. <u>सुशासन तथा संस्थागत विकास</u>**

१. नगरपालिकाका नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा एवं कार्यान्वयनमा विषयगत विज्ञहरुको ज्ञान, सीप र अनुभवको उपयोग गर्न विज्ञहरुको रोष्टर तयार गरि विज्ञ उपयोग गर्ने नीति अबलम्वन गरिने छ ।

२. प्रविधिमा आधारित प्रशासन, संस्थागत दक्षता र सुशासन कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिने छ ।

क. नगरपालिकाका सबै शाखा र वडा कार्यालयका कार्यहरुलाइ एकीकृत सफ्टवेयर मार्फत सम्पादन गर्ने व्यवस्था मिलाइने छ ।

ख. कर्मचारी तथा शिक्षकहरुको समय पालनालाइ सहज बनाउन विद्युतीय हाजिरी जडान गर्न बाँकी वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली जडान गरिने छ ।

ग. तथ्यमा आधारित नीति र योजना तर्जुमाको आधार तयार गर्न नगरका सबै विषय क्षेत्रहरुलाइ समेट्ने गरि एकीकृत तथ्याङ्क एवं सूचना प्रणाली स्थापनाका लागि NCDC संगको सहकार्यमा Spatial based digital Profile निर्माण गरिने छ ।

घ. नगरका सबै शाखा र वडा कार्यालयसंग सम्वन्धित बार्षिक नीति तथा कार्यक्रम बमोजिमका कार्यहरुको अनलाइन प्रगति अनुगमन गर्न सफ्टवेयरमा आधारित कार्यसम्पादन प्रगति अनुगमन प्रणाली प्रयोगमा ल्याइने छ ।कार्य सम्पादनमा उत्कृष्ट शाखा, वडा र कर्मचारीलाइ पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाइने छ

ङ. राजस्वको न्यून मूल्याङ्कन वा चुहावट हुन नपाउने गरि सफ्टवेयरमा स्वचालित रुपमा राजस्व गणना हुने व्यवस्था मिलाइने छ ।

च. घर नक्शापास सेवालाइ सफ्टवेयरमा आधारित बनाएर क्रमशः Paperless बनाउदै लगिने छ । घर नक्शापासका सेवाग्राहीले आफ्नो फायल कुन प्रकृयामा छ भन्ने जानकारी अनलाइनबाट नै लिन सक्ने व्यवस्था मिलाइने छ ।

३. पत्रकारिता क्षेत्रमा कृयाशील भइ योगदान दिने पत्रकारहरुलाइ पुरस्कृत गर्न पत्रकारिता पुरस्कार कोषको व्यवस्था गरिने छ ।

४. घर भवन रहेको क्षेत्र, सडकको प्रकार, घरको प्रकृति समेतका आधारमा बहालकर प्रयोजनका लागि घरबहालको वैज्ञानिक न्यूनतम बहाल रकम निर्धारण गरिने छ ।

५. राजस्वका दरहरुमा बृद्धि गर्ने भन्दा दायरामा विस्तार र चुहावट नियन्त्रण गरि राजस्वको आधार बृद्धि गर्ने रणनीति अबलम्बन गरिने छ ।

६. उत्कृष्ट करदाताहरु लाइ मासिक र बार्षिक रुपमा सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

७. जन प्रतिनिधी र कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।

८. आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु सार्वजनिक, निजी, गैरसरकारी तथा सामुदायिक संघ संस्था र निकायहरु संगको सहकार्यमा कार्यान्वयन गर्न प्राथमिकता दिइने छ ।

९. मानव अधिकार मञ्च संगको सहकार्यमा न्यायिक समिति तथा वडा मेलमिलाप केन्द्रका सदस्यहरुलाइ पुनर्ताजगी तालिम प्रदान गरिने छ ।

१०. नगरका गतिविधिहरुलाई नगरवासी र सरोकारवालाहरुसम्म संचारण गर्न नगर गतिविधि बुलेटिन प्रकाशन गरिने छ ।

**नेपालको संविधान २०७२**

**अनुसूची-८**

**(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)**

**स्थानीय तहको अधिकारको सूची**

| **क.सं** | **विषयहरू** |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ. एम सञ्चालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२ | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २० | विपद व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार नगरपालिकाको काम, कर्तव्य र अधिकार

**क. नगर प्रहरी**

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुर्‍याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः–

(क) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

**ख. सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

ग. एफ.एम. सञ्चालन

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

**घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवद्र्धन,

(६) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन

(७) प्रचलित कानुन बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन

(८) स्थानीय राजस्व प्रवद्र्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सकंलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

**ङ. स्थानीय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,
(३) सगंठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
(४) स्थानीय कानून बमोजिम सगंठन तथा व्यवस्थापन सर्वेक्षण गरी सगंठन संरचना तथा दरबन्दी निर्धारण,
(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवद्र्धन र नियमन,
(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,
(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**च. स्थानीय तथ्याकं र अभिलेख सकंलन**

(१) स्थानीय तथ्याकं सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) आधारभूत तथ्याकं सङ्ढलन र व्यवस्थापन,
(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,
(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याकंको सकंलन र व्यवस्थापन,
(५) स्थानीय तथ्याकं र अभिलेख सकंलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,
(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन,
(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याकंन,
(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,
(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,
(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,
(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याकंन,
(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको “घ” वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,
(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवद्र्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,
(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याकंन र नियमन,
(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(८) विद्यालयको नामाकरण,
(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
(१२) विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**<u>झ. आधारभूत स्वास्थ्य र सरसफाई</u>**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवद्र्धन,
(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,
(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,
(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**<u>ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता</u>**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(२) बजार तथा हाट बजार व्यवस्थापन,
(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,
(७) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान,
(८) निजी तथा गैरसरकारी क्षेत्रसग समन्वय र सहकार्य,
(९) स्थानीय व्यापार प्रवद्र्धन, सहजीकरण र नियमन,
(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्धन र अभिलेखाकंन,
(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,
(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,
(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,
(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,
(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,
(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,
(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,
(२२) जीवित रहेको सिफारिस गर्ने,
(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,
(२४) नामसारी गर्न सिफारिस गर्ने,
(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,
(२८) जग्गा मूल्याकंन सिफारिस गर्ने,
(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,
(३१) वैवाहिक अंगीकृत नागरिकता सिफारिस गर्ने,
(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,
(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,
(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,
(३५) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

## इलाम नगरपालिकाको महाशाखा र अन्तर्गत शाखा, उपशाखा, सेवाकेन्द्र समेतको नामावली

| महाशाखाको नाम | महाशाखा प्रमुखको नाम | शाखा, उपशाखा, इकाइ सेवाकेन्द्रको नाम | शाखा उपशाखा प्रमुखको नाम | सहयोगी कर्मचारीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| सामान्य प्रशासन महाशाखा | श्री बबुल भक्त राज | कर्मचारी व्यवस्थापन शाखा | | | |
| | | कानुन उपशाखा | | | |
| | | जिन्सी व्यवस्थापन शाखा | | | |
| | | आन्तरिक व्यवस्थापन शाखा | | | |
| | | खरिद इकाई | **जिन्सी शाखाबाट व्यवस्थापन** | | |
| | | सूचना प्रविधि तथा तथयांक विश्लेषण शाखा | | | |
| | | क्षमता विकास तथा वडा समन्वय शाखा | **कर्मचारी व्यवस्थापन शाखाबाट व्यवस्थापन** | | |
| | | कार्यान्वयन तथा नियमन शाखा | | | |
| | | संघसंस्था शाखा | | | |
| सामाजिक विकास महाशाखा | श्री प्रेमकुमार गौतम | जनस्वास्थ्य शाखा | | | |
| | | आधारभूत स्वास्थ्य सेवा केन्द्र/उपकेन्द्र | | | |
| | | आयुर्वेद स्वास्थ्य केन्द्र | | | |
| | | महिला बालबालिका जेष्ठ नागरिक अपांग पंजीकरण शाखा | | | |
| | | शिक्षा युवा तथा खेलकुद शाखा | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्वाधार विकास महाशाखा | श्री दिपकप्रसाद गुरागाई | योजना प्रशासन शाखा | | | |
| | | सहरी विकास तथा निर्माण शाखा | | | |
| | | नक्सापास तथा भवन निर्माण शाखा | | | |
| | | वातावरण वन विपद व्यवस्थापन तथा सरसफाइ शाखा | | | |
| | | खानेपानी निर्माण तथा व्यवस्थापन शाखा | | | |
| | | मर्मतसम्भार शाखा | | | |
| आर्थिक विकास महाशाखा | | कृषि विकास शाखा | | | |
| | | कृषि सेवा केन्द्र | | | |
| | | पशुपंछी विकास शाखा | | | |
| | | पशु सेवा केन्द्र | | | |
| | | सहकारी श्रम तथा रोजगार शाखा | | | |
| | | भूमि व्यवस्थापन शाखा | | | |
| | | उद्योग वाणिज्य तथा पर्यटन प्रवर्द्धन शाखा | | | |
| वित्त व्यवस्थापन महाशाखा | श्री नारायण ढकाल | आर्थिक प्रशासन शाखा | | | |
| | | राजश्व शाखा | | | |
| | | राजश्व संकलन तथा परीक्षण इकाइ | | | |
| | | आन्तरिक लेखा परीक्षण तथा बे.फ. शाखा | | | |

**वडाध्यक्ष, वडा सचिव र वडा कार्यालयका सहायक कर्मचारीको नामावली**

| वार्ड नं. | वडा कार्यालय रहने केन्द्र | साविक गा.वि.स. न.पा. | साविक वडा नं. | वडाध्यक्षको नामथर | सम्पर्क नम्बर | वडा सचिवको नामथर | सम्पर्क नम्बर | सहायक कर्मचारी | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय साँखेजुङ्ग | साँखेजुङ्ग | १–९ | गायत्रीराम बस्नेत | ९८०८०७९९१५ | लोचन भट्टराई | ९८४९६१२८८६ | सुजना राई | ९८२४०७७२२३ |
| २ | २ नं. वडा कार्यालय सुम्बेक | सुम्बेक | १–९ | गिरिराज रिजाल | ९८४२७२९२४८ | होम शिवाकोटी | ९८४२६३५२५६ | | |
| ३ | ३ नं. वडा कार्यालय पुवामझुवा | पुवामझुवा | १–९ | हेमबहादुर सुनुवार | ९८२५९०९९९१ | मनकुमार गुरुङ्ग | ९८१७९६७३०० | अनिस पोखेल | ९८६३९८३९२४ |
| ४ | ४ नं. वडा कार्यालय अधिकारीचोक | बरबोटे | ४,५ | नुतनदेव दुलाल | ९८१५९०२३७६<br>९८०४९०६०६५ | रामचन्द्र नेपाल | ९८६१४५४०५८ | दिलकुमार राउत | ९८४२७२५५६६ |
| | | माइपोखरी | १-३ | | | | | | |
| ५ | ५ नं. वडा कार्यालय बरबोटे | बरबोटे | १–३, ६–९ | काजीबहादुर श्रेष्ठ | ९८५१००११३५ | चन्द्रकला अधिकारी | ९८६२७४०३२२ | बुद्धिमाया तुम्वापो | ९८४२६६२१९० |
| ६ | ६ नं. वडा कार्यालय नारायणथान | इलाम | ८,९ | दुर्गा श्रेष्ठ | ९८५२६८००४१ | खड्ग ब. बस्नेत | ९८४२६६०२८९<br>९८०६०५५१०१ | कमला तिम्सिना | ९८६२६६५८२४ |
| ७ | ७ नं. वडा कार्यालय गौतमबुद्ध सभागृह | इलाम | १,२ | नरेश श्रेष्ठ | ९८४२६२७६३९ | उर्मिला अवाले | ९८४२६४५१९९ | मन्दिरा श्रेष्ठ | ९८६२७५५६१९ |
| ८ | ८ नं. वडा कार्यालय मसार | इलाम | ६,७ | दलमान तामांग | ९८४२७२८३०० | तीला शर्मा | ९८४४६६६११८ | रविन राया क्षेत्री | ९८५२६८१२७० |
| ९ | ९ नं वडा कार्यालय शेरा | इलाम | ३,४,५ | गोपाल चौहान | ९८४२६२७०३४ | अर्जुन थापा | ९८५२६८१८२८ | दिल्पना आचार्य | ९८४२५२७७८३ |
| १० | १० नं. वडा कार्यालय गोदक | गोदक | १–९ | ओमनाथ प्रधान | ९८१७९६७१०५ | रविन्द्र घिमिरे | ९८६२६७०२४४ | ललित याख्खा | ९८४४६५१४८ |
| ११ | ११ नं. वडा कार्यालय सोयाक | सोयाक | १–९ | टासी जवेगु | ९८१५९५२४२४ | रेबुराज आचार्य | ९८४२७२७१६६ | प्रेमनाथ अधिकारी | ९८४२७२१८१३ |
| | | सिद्धिथुम्का | ७ | | | | | | |
| १२ | १२ नं. वडा कार्यालय साङ्गरुम्वा | साङ्गरुम्वा | १–६ | लाखमान लिम्बु | ९८१५०४९१८२ | इन्द्रलाल घिमिरे | ९८४२७२७५६७ | | |

**निर्णय गर्ने प्रक्रिया र अधिकारी**

- वार्षिक कार्यक्रम — नगर सभा
- दैनिक सञ्चालनसम्बन्धी निर्णय – नगर कार्यपालिका
- अन्य दैनिक नियमित विकास निर्माण तथा नीतिगत कार्यहरू – नगर प्रमुख
- अन्य दैनिक नियमित प्रशासनिक कार्यहरू – प्रमुख प्रशासकीय अधिकृत

**निर्णय उपर उजुरी सुन्ने अधिकारी**

नगर प्रमुख श्री केदार थापा, इलाम नगरपालिका
प्रमुख प्रशासकीय अधिकृत श्री गणेशकुमार खड्का, इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

**सूचना अधिकारी र प्रमुखको नाम पद**

सूचना अधिकारी : श्री बबुल भक्त राज, प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत : श्री गणेशकुमार खड्का
नगर प्रमुख : श्री केदार थापा

## नेपालको संविधान बमोजिम २०७४।३।१४ गते सम्पन्न स्थानीय तहको दोस्रो चरणको निर्वाचनअन्तर्गत इलाम नगरपालिकाको निर्वाचन पश्चात इलाम नगरपालिकाबाट स्वीकृत ऐन, नियम, कार्यविधि, निर्देशिकाहरुको सूची

**इलाम नगरपालिका, प्रथम नगरसभा (२०७४।५।२५ – २०७४।६।४) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०७४– २०७४।५।२७
२. इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७४ – २०७४।५।२७
३. इलाम नगरपालिका, सहकारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ – २०७४।५।३०
४. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ – २०७४।५।३०

**इलाम नगरपालिका, दोस्रो नगरसभा (२०७४।११।२७ – २०७४।११।२९) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, सहकारी ऐन, २०७४ – २०७४।११।२८ (इलाम नगरपालिकाको प्रथम नगर सभाबाट पारित सहकारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ खारेज भई नयाँ सहकारी ऐन, २०७४ जारी भएको)
२. इलाम नगरपालिका, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ – २०७४।११।२८
३. इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन ऐन, २०७४ – २०७४।११।२८
४. इलाम नगरपालिका, कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ – २०७४।११।२८
५. इलाम नगरपालिका, बजार अनुगमन ऐन, २०७४– २०७४।११।२८
६. इलाम नगरपालिका, न्यायिक समिति (कार्यविधि नियमित गर्ने) ऐन, २०७४ – २०७४।११।२८
७ . इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७४ को दफा २ को उपदफा (१) को साविक अनुसूची–१ लाई संशोधन – २०७४।११।२९

**इलाम नगरपालिका, तेस्रो नगरसभा (२०७५।३।७ – २०७५।३।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, विपद् व्यवस्थापन ऐन, २०७४ – २०७५।३।८
२. इलाम नगरपालिका, कर तथा गैरकर लगाउने तथा उठाउने ऐन, २०७५ – २०७५।३।८
३. इलाम नगरपालिका, शिक्षा ऐन, २०७५ – २०७५।३।८
४.इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०७५ – २०७५।३।११
५. इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७५ – २०७५।३।११

**इलाम नगरपालिका, चौथो नगरसभा (२०७५।९।११ – २०७५।९।१२) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ – २०७५।९।१२
२. इलाम नगरपालिका, संस्थाको अभिलेख व्यवस्थापन ऐन, २०७५ – २०७५।९।१२
३. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा संचालन ऐन, २०७४ मा संशोधन – २०७५।९।१२

**इलाम नगरपालिका, पाँचौ नगरसभा (२०७६।३।९ – २०७६।३।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, संघसंस्था ऐन, २०७६ – २०७६।३।१०
२. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७६ – २०७६।३।१०
३. इलाम नगरपालिका, विनियोजन ऐन, २०७६ – २०७६।३।१०
४. इलाम नगरपालिका, स्वास्थ्य तथा सरसफाइ ऐन, २०७६ – २०७६।३।११
५. इलाम नगरपालिका, पूर्वाधार विकास सम्बन्धी ऐन, २०७६ –२०७६।३।१२
६. इलाम नगरपालिका, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन ऐन, २०७६ – २०७६।३।१२

**इलाम नगरपालिका, छैटौ नगरसभा (२०७६।११।८ – २०७६।११।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, इलाम नगरकार्यपालिकाको कर्मचारी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।८
२. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन (दोस्रो संशोधन) ऐन, २०७६ – २०७६।११।८
३. इलाम नगरपालिका, विनियोजन (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।११
४. इलाम नगरपालिका, आर्थिक (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।११

**इलाम नगरपालिका, सातौ नगरसभा (२०७७।३।९ – २०७७।३।१०) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७७ – २०७७।३।१०
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०७७ – २०७७।३।१०
३. इलाम नगरपालिका कर्मचारी व्यवस्थापन (दोस्रो संशोधन) ऐन, २०७७ – २०७७।३।१०

**इलाम नगरपालिका, विशेष नगरसभा (२०७७।६।१८) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ – २०७७।६।१८

**इलाम नगरपालिका, आठौ नगरसभा (२०७७।९।२७) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका खानेपानी व्यवस्थापन ऐन, २०७७ – २०७७।९।२७
२. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७७ – २०७७।९।२७

**इलाम नगरपालिका, नवौ नगरसभा (२०७८।३।९ – २०७८।३।१०) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७८ – २०७८।३।९
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०७८ – २०७८।३।९
३. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन (दोस्रो संशोधन) ऐन, २०७८ – २०७८।३।१०
४. इलाम नगरपालिका कर्मचारी व्यवस्थापन (तेस्रो संशोधन) ऐन, २०७८ – २०७८।३।१०
५. इलाम नगरपालिका, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण (पहिलो संशोधन) ऐन, २०७८ – २०७८।३।१०

**इलाम नगरपालिका, विशेष नगरसभा (२०७८।७।५) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, खानेपानी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७५ – २०७८।७।५
२. इलाम नगरपालिका, विनियोजन (पहिलो संशोधन) ऐन, २०७८ – २०७८।७।५

**इलाम नगरपालिका, दसौ नगरसभा (२०७८।१०।२७) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, वन ऐन, २०७८ – २०७८।१०।२७
२. इलाम नगरपालिका, विनियोजन (दोस्रो संशोधन) ऐन, २०७८ – २०७८।१०।२७

**इलाम नगरपालिका, एघारौ नगरसभा (२०७९।३।९ – २०७९।३।१०) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७९ – २०७९।३।९
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०७९ – २०७९।३।९

**इलाम नगरपालिका, बाह्रौ नगरसभा (२०७९।१०।६) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका विकास निर्माण मापदण्ड (चौथो संशोधन), २०७९- २०७९।१०।६
२. इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन (चौथो संशोधन) ऐन, २०७९- २०७९।१०।६
३. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९- २०७९।१०।६
४. इलाम नगरपालिका, विनियोजन (पहिलो संशोधन) ऐन, २०७९- २०७९।१०।६
५. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी (तेस्रो संशोधन) ऐन, २०७९- २०७९।१०।६

**इलाम नगरपालिका, तेह्रौ नगरसभा (२०८०।३।०९) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका कर्मचारी व्यवस्थापन (पाँचौ संशोधन) ऐन, २०८०- २०८०।३।०९
२. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०८०- २०८०।३।०९
३. इलाम नगरपालिका, विनियोजन ऐन, २०८०- २०८०।३।०९
४. इलाम नगरपालिका, खानेपानी व्यवस्थापन (दोश्रो संशोधन) ऐन, २०८०- २०८०।३।९

**इलाम नगरपालिका, नगर कार्यपालिका बैठकबाट पारित नियमावली, कार्यविधि तथा निर्देशिकाको विवरण**

१. इलाम नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ – २०७४।४।५
२. इलाम नगरपालिका, नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ – २०७४।४।५
३. इलाम नगरपालिका, नगर कार्यपालिका (बैठक सञ्चालन) कार्यविधि, २०७४ – २०७४।४।५
४. इलाम नगरपालिका, प्रमाणीकरण नियमावली, २०७४ – २०७४।५।५
५. इलाम नगरपालिका, बस्ती विकास सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ मा संशोधन – २०७४।५।५
६. इलाम नगरपालिका, योजना तथा बजेट तर्जुमा नियमावली, २०७४ – २०७४।५।१९
७. इलाम नगरपालिका, नगर सभा सञ्चालन कार्यविधि, २०७४ – २०७४।५।१९
८. इलाम नगरपालिका, एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ – २०७४।५।२६
९. इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ – २०७४।६।४
१०. इलाम नगरपालिका, यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७४ – २०७४।७।८
११. इलाम नगरपालिका, घर निर्माण तथा मर्मत कार्य गर्ने मजदुर कल्याण कोष सञ्चालन कार्यविधि, २०७४ – २०७४।७।८
१२. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ – २०७४।९।१६
१३. इलाम नगरपालिका, साहित्य, कला संगीत प्रतिष्ठान सञ्चालन निर्देशिका, २०७४ – २०७४।११।१०
१४.इलाम नगरपालिका, नगर खेलकुद प्रतिष्ठान सञ्चालन निर्देशिका, २०७४ – २०७४।११।१०
१५.इलाम नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ मा संशोधन– २०७४।११।१०
१६.इलाम नगरपालिका, नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ मा संशोधन– २०७४।११।१०
१७. इलाम नगरपालिका मेलमिलाप कार्यविधि, २०७४ – २०७४।११।२५
१८. इलाम नगरपालिका, युवा परिषद सञ्चालन कार्यविधि, २०७४– २०७४।११।२५
१९. इलाम नगरपालिका, नगरस्तरीय दलित समन्वय समिति कार्यविधि, २०७४– २०७४।११।२५
२०. इलाम नगरपालिका, पर्यटन प्रवर्द्धन समिति निर्देशिका, २०७४– २०७४।११।२५

२१. इलाम नगरपालिका, स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७४ – २०७४।१२।५
२२. इलाम नगरपालिकाका पदाधिकारीहरुको सुविधा सम्बन्धी नियमावली, २०७५, – २०७५।२।३१
२३. इलाम नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कायविधि, २०७५– २०७५।१।८
२४. इलाम नगरपालिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५– २०७५।१।८
२५. इलाम नगरपालिकाको एकीकृत सम्पत्ति कर कार्यविधि, २०७५– २०७५।१।८
२६. इलाम नगरपालिका उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि २०७५– २०७५।१।१७
२७. इलाम नगरपालिका धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति गठन तथा सञ्चालन निर्देशिका, २०७५ – २०७५।२।३१
२८. इलाम नगरपालिका, गौतमबुद्ध सभागृह सञ्चालन निर्देशिका, २०७५ – २०७५।३।७
२९. इलाम नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५ मा संशोधन– २०७५।५।५
३०. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा संशोधन – २०७५।५।५
३१. इलाम नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कायविधि, २०७५ मा संशोधन – २०७५।५।५
३२. इलाम नगरपालिका, सामाजिक सुरक्षा कार्यविधि, २०७५ – २०७५।५।५
३३. इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ मा संशोधन – २०७५।६।५
३४. इलाम नगरपालिका, बस्ती विकास सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ मा संशोधन – २०७५।७।७
३५. इलाम नगरपालिका, अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ – २०७५।१०।२३
३६. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा संशोधन – २०७५।११।५
३७. इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।५
३८. इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।५
३९. इलाम नगरपालिका, गरिबी निवारण तथा सामाजिक परिचालन कोष सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।१७
४०. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा तेस्रो संशोधन – २०७६।१।५
४१. इलाम नगरपालिका, स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६ – २०७६।१।२७
४२. इलाम नगरपालिका इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा चौथो संशोधन – २०७६।४।५
४३. इलाम नगरपालिका संस्था दर्ता सम्बन्धी नियम, २०७६ – २०७६।६।२७
४४. इलाम नगरपालिका, उपप्रमुख महिला सीप विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ – २०७६।७।५
४५. इलाम नगरपालिका, नगरस्तरीय दलित समन्वय समिति कार्यविधि, २०७४ मा पहिलो संशोधन २०७६ – २०७६।७।५
४६. इलाम नगरपालिका, शिक्षा नियमावली २०७४ मा पाँचौ संशोधन – २०७६।८।१३
४७.इलाम नगरपालिका, मेलमिलाप कार्य सञ्चालन कार्यविधि, २०७४ मा पहिलो संशोधन २०७६ – २०७६।८।१३
४८. इलाम नगरपालिका इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा पाँचौ संशोधन २०७६ – २०७६।८।१३
४९. इलाम नगरपालिका, चाडपर्व तथा शोक बिदा व्यवस्थित गर्ने कार्यविधि, २०७६ – २०७६।८।२७
५०. इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्य विभाजन नियमावली (दोस्रो संशोधन), २०७६ – २०७६।१०।५
५१. इलाम नगरपालिका, संघसंस्था दर्ता सम्बन्धी नियमावली, २०७६ – २०७६।१०।५
५२. इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यसम्पादन नियमावली (दोस्रो संशोधन), २०७६ – २०७६।१०।५
५३. इलाम नगरपालिका, इन्डक्सन चुल्हो अनुदान वितरण कार्यविधि, २०७६ – २०७६।१०।५
५४. इलाम नगरपालिका, घर बहाल कर व्यवस्थापन, कार्यविधि, २०७६ – २०७६।१२।५
५५. इलाम नगरपालिका, व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ – २०७६।१२।५
५६. इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ (पहिलो संशोधन), – २०७६।१२।५
५७. इलाम नगरपालिका, पाटेनागी पर्यटकीय तथा विशेष क्षेत्र संरक्षण तथा सम्वर्द्धन समिति सञ्चालन निर्देशिका, २०७६ – २०७६।१२।५
५८. इलाम नगरपालिका, आकस्मिक कोष सञ्चालन कार्यविधि, २०७६ – २०७६।१२।१९
५९. इलाम नगरपालिका, इलाम अस्पतालमा विशेषज्ञ सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ – २०७७।४।५
६०. इलाम नगरपालिका, आयोजना उपभोक्ता समिति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७७ – २०७७।५।१९
६१. इलाम नगरपालिका, सूचना तथा विज्ञापन प्रसारण कार्यविधि, २०७७ – २०७७।६।११
६२. इलाम नगरपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ – २०७७।६।२३
६३. इलाम नगरपालिका, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन कार्यविधि, २०७७ – २०७७।६।२३
६४. इलाम नगरपालिका, खानेपानी सेवा शुल्क नियमावली, २०७७ – २०७७।१०।१६
६५. इलाम नगरपालिका, लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७७ – २०७७।१०।१६
६६. इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि २०७७ – २०७७।११।२३
६७. इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७ – २०७७।१२।५
६८. इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ – २०७७।१२।१७
६९. इलाम नगरपालिका, इलाम आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ – २०७७।१२।२३
७०. इलाम नगरपालिका, सिटीमार्ट संरक्षण, सञ्चालन, व्यवस्थापन तथा सम्वर्द्धन कार्यविधि, २०७८ – २०७८।१।६
७१. इलाम नगरपालिका पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८ – २०७८।१।१७
७२. इलाम नगरपालिका, शिक्षा (छैटौ संशोधन) नियमावली, २०७८ – २०७८।१।१७
७३. इलामनगरपालिका, करारमा कर्मचारी व्यवस्थापनसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७८ – २०७८।२।२३
७४. इलाम नगरपालिका, इलाम आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८ – २०७८।२।३०
७५. इलाम नगरपालिकाद्वारा सञ्चालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ – २०७८।२।३०
७६. इलाम नगरपालिका, इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८ – २०७८।३।१५
७७. इलाम नगरपालिका शिक्षा (सातौ संशोधन) नियमावली, २०७८ – २०७८।४।२०
७८. इलाम नगरपालिका, नगर दलित समन्वय समिति सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७८ – २०७८।५।७
७९. इलाम नगरपालिका, गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यसम्बन्धी निर्देशिका, २०७८ – २०७८।६।५
८०. इलाम नगरपालिका, खानेपानी कर्मचारी व्यवस्थापनसम्बन्धी नियमावली, २०७८ – २०७८।८।५
८१. इलाम नगरपालिका, शिक्षा (आठौ संशोधन) नियमावली, २०७८ – २०७८।८।१५
८२. इलाम नगरपालिकाद्वारा संचालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८–२०७८।८।२२

८३. इलाम नगरपालिकाद्वारा संचालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७८–२०७८।१०।२६
८४. इलाम नगरपालिका, स्वास्थ्य बीमा संयोजन समिति सञ्चालन कार्यविधि, २०७८–२०७८।११।५
८५. इलाम नगरपालिकाद्वारा सञ्चालित इलाम सामुदायिक आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन (तेस्रो संशोधन) कार्यविधि २०७८– २०७८।११।२४
८६. इलाम नगरपालिका, फोहोरमैला व्यवस्थापन तथा सरसफाइसम्बन्धी कार्यविधि, २०७८ – २०७८।११।२४
८७. इलाम नगरपालिका, विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८ – २०७८।१२।२४
८८. इलाम नगरपालिका, सुरक्षित आप्रवासनसम्बन्धी कार्यविधि, २०७८ – २०७८।१२।२४
८९. इलाम नगरपालिका, आर्थिक सहयता तथा अनुदान कार्यविधि, २०७९ – २०७९।६।६
९०. इलाम नगरपालिका, भूउपयोग कार्यविधि, २०७९ – २०७९।६।६
९१. इलाम नगरपालिका, नगर कृषि प्रवर्द्धन समिति सचालन कार्यविधि, २०७९ – २०७९।६।६
९२. इलाम नगरपालिका, बडाहाकिम गजराजसिंह थापा स्मृति प्रतिष्ठान सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ – २०७९।६।६
९३. इलाम नगरपालिका, स्वास्थ्य हेल्प डेक्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९- २०७९/८/८
९४. इलाम नगरपालिका, अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७९- २०७९/८/८
९५. इलाम नगरपालिका, कृषकहरुलाई गाई खरिदमा अनुदान कार्यविधि, २०७९- २०७९/८/८
९६. इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्बर्द्धन (पहिलो संशोधन) कार्यविधि, २०७९- २०७९/८/८
९७. इलाम नगरपालिका, नमूना विद्यालय प्रबर्द्धन कार्यविधि, २०७९- २०७९/८/२३
९८. इलाम नगरपालिका,साना सिंचाई आयोजना सञ्चालन निर्देशिका, २०७९- २०७९/९/२८
९९. इलाम नगरपालिका, इलाम स्वास्थ्य विज्ञान प्रतिष्ठान संयोजन समिति कार्यविधि, २०७९- २०७९/१०/०५
१००. इलाम नगरपालिका, विकास मापदण्ड (चौथो संशोधन), २०७९- २०७९/१०/०६
१०१. इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सभेक्षण प्रतिवेदन, २०७६ मा संशोधन, २०७९- २०७९/१०/०६
१०२. इलाम नगरपालिका, आय ठेक्का व्यवस्थापन कार्यविधि, २०७९- २०७९/१०/२५
१०३. इलाम नगरपालिका, सहकारी संस्था एकिकरण कार्यविधि, २०७९- २०७९/११/२९
१०४. इलाम नगरपालिका, टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९- २०७९/११/२९
१०५. इलाम नगरपालिका, सामुदायिक विद्यालय (आर्थिक व्यवस्थापन कार्यविधि, २०७९- २०७९/११/२९
१०६. इलाम नगरपालिका, नगर दलित समन्वय समिति संचालन कार्यविधि, २०७४ (दोश्रो संशोधन)- २०७९/११/२९
१०७. इलाम नगरपालिका, उप-प्रमुख महिला सीप विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ (पहिलो संशोधन)- २०७९/११/२९
१०८. इलाम नगरपालिका, सुरक्षित आप्रवासन आपतकालिन कोष संचालन निर्देशिका, २०७९- २०७९/१२/०४
१०९. इलाम नगरपालिका, सामुदायिक रेडपाण्डा संरक्षण केन्द्र संचालन कार्यविधि, २०८०- २०८०/३/८
११०. इलाम नगरपालिका, कर्मचारी स्वावलम्बन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०- २०८०/३/८
१११. इलाम नगरपालिका, इलाम नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह बृद्धिसम्बन्धी कार्यविधि, २०८०- २०८०/३/१६
११२. इलाम नगरपालिका, बहाल विटौरी शुल्क तथा सेवा शुल्क (वहाल/भाडा) व्यवस्थापन कार्यविधि, २०८०- २०८०/३/१६

**इलाम नगरपालिका, नगर कार्यपालिका बैठकबाट पारित नीति/प्रतिवेदनको विवरण**

१. इलाम नगरपालिका, लगानी प्रोत्साहन नीति, २०७५- २०७५/७/२० (कार्यपालिका)
२. इलाम नगरपालिका, घरेलु उद्योग प्रबर्द्धन नीति, २०७५- २०७५/७/२० (कार्यपालिका)
३. इलाम नगरपालिका, लैगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७९ (२०७९/४/६) (कार्यपालिका)
४. इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७६ मा संशोधन, २०८०- २०८०/३/९ (१३ औं नगरसभा)

## इलाम नगरपालिकाको एघारौं नगर सभाबाट स्वीकृत आ.ब. ०७९/०८० को आय व्यय विवरण

### आय

| विवरण | अनुमानित आय | प्रतिशत |
|---|---|---|
| **आन्तरिक श्रोत** | २०,४९,८९,१६०.०० | |
| *आन्तरिक राजश्व जम्मा* | ८,७५,००,०००.०० | |
| *मालपोत रजिस्ट्रेशन* | १,५०,००,०००.०० | |
| *विभिन्न योजना तथा कार्यक्रममा उपभोता लागत सहभागिता* | ३,९९,८९,१६०.०० | |
| *सार्वजनिक निजि साझेदारी* | | |
| *गत वर्षको अ.ल्या.* | २,७५,००,०००.०० | |
| *नगरविकास कोष ऋण* | | |
| *अन्य संस्था (सडक वोर्ड) बाट साझेदारी आय* | ५०,००,०००.०० | |
| *आन्तरिक ऋण* | ३,००,००,०००.०० | |
| **संघीय सरकार** | ८४,२८,००,०००.०० | |
| *समानीकरण अनुदान* | १६,८२,००,०००.०० | |
| *सशर्त अनुदान* | ४४,१६,००,०००.०० | |
| *समपुरक अनुदान* | १,५०,००,०००.०० | |
| *विशेष अनुदान* | १,८०,००,०००.०० | |
| *स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम* | - | |

| | | |
|---|---|---|
| *सामाजिक सुरक्षा* | २०,००,००,०००.०० | |
| **प्रदेश सरकार** | ४,२८,०४,०००.०० | |
| *समानीकरण अनुदान* | ९२,९३,०००.०० | |
| *सशर्त अनुदान(निर्वाचन क्षेत्र कार्यक्रम समेत)* | २,३५,११,०००.०० | |
| *समपुरक अनुदान* | १,००,००,०००.०० | |
| *विशेष अनुदान* | - | |
| **राजश्व बाँडफाँड** | १३,३१,०६,८४०.०० | |
| *संघीय सरकार* | १२,११,३०,०००.०० | |
| *प्रदेश सरकार* | १,१९,७६,८४०.०० | |
| **कूल आय** | **१,२२,३७,००,०००.००**<br>**(एक अर्ब बाईस करोड सैतिस लाख)** | |

**व्यय**

| विवरण | अनुमानित व्यय | प्रतिशत |
|---|---|---|
| ***कार्यालय सञ्चालन तथा प्रशासनिक*** | १६,५८,५०,०००.०० | |
| ***वडास्तरिय योजना तथा कार्यक्रम*** | १२,००,००,०००.०० | |
| *आर्थिक विकास* | १,३२,००,०००.०० | |
| *सामाजिक विकास* | १,९८,५०,०००.०० | |
| *पूर्वाधार विकास* | ५,९६,००,०००.०० | |
| *वन वातावरण तथा विपद व्यवस्थापन* | २,००,००,०००.०० | |
| *सुशासन तथा संस्थागत विकास* | ७३,५०,०००.०० | |
| **नगरस्तरिय योजना तथा कार्यक्रम** | २२,९७,३९,०००.०० | |
| *आर्थिक विकास* | ४९,००,०००.०० | |
| *सामाजिक विकास* | ४,७६,९९,८४०.०० | |
| *पूर्वाधार विकास* | १३,२२,३९,१६०.०० | |
| *वन वातावरण तथा विपद व्यवस्थापन* | ७०,००,०००.०० | |
| *सुशासन तथा संस्थागत विकास* | ३,७९,००,०००.०० | |
| **संघिय सशर्त अनुदान** | ४७,४६,००,०००.०० | |
| *आर्थिक विकास* | १,५१,००,०००.०० | |
| *सामाजिक विकास* | ३०,७४,००,०००.०० | |
| *पूर्वाधार विकास* | ११,९९,००,०००.०० | |
| *वन वातावरण तथा विपद व्यवस्थापन* | १,८०,००,०००.०० | |
| *सुशासन तथा संस्थागत विकास* | १,४२,००,०००.०० | |
| **प्रदेश सशर्त अनुदान** | ३,३५,११,०००.०० | |
| *आर्थिक विकास* | - | |

| | | |
|---|---|---|
| *सामाजिक विकास* | ९,५३,000.00 | |
| *पूर्वाधार विकास* | ३,२५,५८,000.00 | |
| *वन वातावरण तथा विपद व्यवस्थापन* | - | |
| *सुशासन तथा संस्थागत विकास* | - | |
| **सामाजिक सुरक्षा** | २०,००,००.०००.०० | |
| **कूल व्यय** | १,२२,३७,००,०००.००<br>(एक अर्ब बाईस करोड सैत्तिस लाख) | १००.००% |

## मिति २०८० बैशाख देखि २०८० असार मसान्तसम्मको चालु तथा पूँजिगत खर्चको विवरण

| शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | ६२,०६,८५,८४०।०० | १७,४७,४०,१३७।७८ | २६.४५ | सामाजिक सुरक्षा भत्ता बाहेक |
| पुँजिगत | ४२,२८,३९,६९१।०० | १६,१३,१६,६३९।१४ | ३८.१५ | |
| **जम्मा** | **१,०८,३५,२५,५३१।००** | **३३,६०,५६,७७६।९२** | | |

## मिति २०७९ श्रावण महिना देखि २०८० असार मसान्तसम्मको चालु तथा पूँजिगत खर्चको विवरण

| शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | ६२,०६,८५,८४०।०० | ५८,२२,२९,४९९।३० | ८८.१३ | सामाजिक सुरक्षा भत्ता बाहेक |
| पुँजिगत | ४२,२८,३९,६९१।०० | ३१,३६,८७,७२३।२१ | ७४.१९ | |
| **जम्मा** | **१,०८,३५,२५,५३१।००** | ८,९५,९१,७२,२२।५१ | | |

### २०७९ जेष्ठ महिनादेखि २०८० असार महिनासम्मको प्रगति विवरणको टिपोट

#### आर्थिक विकास

- गरिबसँग महामानव विश्वेश्वर कृषि विकास कार्यक्रम सञ्चालनका लागि खाका तयार गरी विविध क्रियाकलापहरु पहिचान गर्ने कार्य गरिएको छ। यस कार्यक्रमलाई सहयोगको लागि नगर कृषि प्रवर्द्धन समितिको कार्यविधि समेत तयार गरिएको छ।
- कृषि कार्यक्रमअन्तर्गत गाईपालनको लागि कार्यविधि पारित गरी वडा वडामा अनुदान वितरणका कार्यहरु सम्पन्न गरिएको छ। नश्ल सुधारका लागि सेक्ससिमेन उपलब्ध गराउने कार्यमा सहयोग गरिएको।
- नगर क्षेत्रका गाईवस्तुलाई जोगाउन ८५०० लम्फी स्किन डिजिजको भ्याक्सिन लगाउने कार्य भएको छ। भ्याक्सिनका लागि १ महिनाको पारिश्रमिक उपलब्ध गराउने जनप्रतिनिधिहरु धन्यवादका पात्र रहेका छन्।
- नगरका २३००० बाखाहरुलाई बिपिआर खोप लगाउने कार्य भएको छ।
- दूग्ध प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानहरुलाई च्यापकटर, काउम्याट वितरण गरिएको छ।
- छुर्पी प्रवर्द्धन कार्यक्रमअन्तर्गत डिपफ्रिज, मिल्क एनालाइजर, क्रिम सेपरेटर वितरण गरिएको छ।

- कृषि प्रबर्द्धनका लागि वडा वडाबाट सहभागितामुलक फलफुलका विरुवा, कृषि मल, वीउविजन कृषि औजार तथा उपकरण अनुदानको व्यवस्था मिलाइएको छ र नगरमा क्रमागत ६ वटासहित १४ वटा सिंचाइ कुलोहरु कार्यान्वयनको चरणमा छ । पुवामझुवामा थोपा सिंचाइको काम समेत भइरहेको छ ।
- किसान सूचीकरण कार्यक्रम वडा नं. १,५,९,११ मा सम्पन्न भएको छ ।
- वडा नं. १, २ र ९ मा रैथाने बाली प्रवर्द्धन कार्यक्रम, वडा नं. १२ अदुवा बेसार प्रवर्द्धन कार्यक्रम, वडा नं. ३ मा नया किवी पकेट विकास कार्यक्रम, वडा नं. ८ र ९ मा कोदो खेती प्रवर्द्धन कार्यक्रम, वडा नं. ९ मा स्ट्रेबरी खेती कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ ।
- वडा नं. ८ मा च्याउखेती, वडा नं. ७ मा अर्गानिक तथा कौसी खेती सम्बन्धी तालिम कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- फाल्गुनन्द सुकिलुम्वा विमानस्थलबाट विगतमा तारा एयरले हवाइ सेवा सञ्चालन गरेकोमा सो कम्पनीले उडान बन्द गरेको कारण नेपाल एयरलाइन्समा पहल गरी नेपाल एयरलाइन्सले प्रत्येक बिहीबार साप्ताहिक उडान शुरु गरेको छ ।
- पर्यटन प्रवर्द्धनका लागि पाटेनागीमा आवश्यक पूर्वाधार निर्माणका योजना कार्यान्वयन भइरहेको छ । नगरका महत्वपूर्ण पर्यटकीय स्थल तथा पार्कहरुको निर्माण तथा मर्मतसुधारअन्तर्गत माइस्थान परिसरमा ढुंगा छाप्ने कार्य सम्पन्न भएको छ ।
- पर्यटन विकासका लागि ५ वर्षे प्रारुप बनाउने कार्य अस्ट्रेलियन भोलन्टियरको सहयोगमा सम्पन्न गरिएको छ ।
- पर्यटन प्रवर्द्धनका लागि सन्दकपुर गाउँपालिकाको सहकार्यमा प्रथम खुला म्याराथन दौड गत बैशाख १ गते सम्पन्न गरिएको छ । यस म्याराथन दौडलाई वार्षिक रुपमा सम्पन्न गर्ने योजना बनाइएको छ ।
- भूउपयोग नीतिलाई अवलम्बन गर्नका लागि वडा वडामा समिति बनाई कृषि तथा गैरकृषि जग्गाको वर्गीकरणको कार्य सम्पन्न भएको छ ।
- बजार अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन उपप्रमुखज्यूको अध्यक्षतामा गठित अनुगमन समितिलाई सक्रिय गराई अनुगमनलाई निरन्तरता दिइएको छ ।
- इलाम नगरपालिकास्थित ऐतिहासिक चिया बगान र कारखानालाई विश्व सम्पदा सूचीमा सूचीकृतका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।
- पुवामझुवामा दिदीबहिनी झरनाको सौन्दर्यीकरणको कार्य भइरहेको छ ।
- इलाम नगरपालिका वडा नं. ३ पाटेनागीमा पर्यटकीय पूर्वाधार व्यवस्थाका लागि नेपाल पर्यटन बोर्डको सहयोगमा फुट ट्रेलको काम सम्पन्न गरिएको छ । यसैगरी नारायणस्थान छठपोखरी निर्माण, संग्रहालय क्षेत्र सौन्दर्यीकरण, महभिर रकक्लाइम्बिङ्ग पूर्वाधार र माइस्थान सौन्दर्यीकरणको काम शुरु भइसकेको छ ।
- पर्यटन प्रवर्द्धनका लागि माइस्थानदेखि नागरीगढीसम्मको निशान ट्रेल अवधारणालाई छलफलमा ल्याइएको छ र यस कार्यका लागि माइजोगमाई गाउँपालिका, सूर्योदय नगरपालिका र छिमेकी देश भारतको मिरिक नगरपालिकासँग प्रारम्भिक छलफल शुरु भएको छ । ।
- इलाम चोकबजारमा रहेको पिपि टावरमा डिजिटल घडी जडान कार्य सम्पन्न भएको छ ।
- इलाम चियाबारीका आसपासका बाटाका दायाँबायाँ सौन्दर्यीकरणका लागि विभिन्न प्रजातिका फूलका विरुवा वृक्षारोपण गरिएको छ ।
- इलाम नगरपालिका वडा नं. ६ बरभैयामा रहेको जग्गामा बोटानिकल गार्डेन निर्माणका लागि डिपिआर बनाउने कार्य अगाडि बढेको छ ।
- इलाम चिया बगानका खाली जग्गामा बृहत चिया रोपण अभियान सञ्चालन गर्नका लागि नेपाल चिया विकास निगमसँग वार्तालाप भई ७ हजार विरुवा लगाउने प्रतिबद्धता प्राप्त भएको छ र पाटेनागीमा गुराँस, मालिङ्गो र भालेचिण्डेको विरुवा लगाउनका लागि प्रस्ताव तयार गर्ने कार्य भएको छ ।
- इलाम नगरपालिका वडा नं. १ साँखेजुङ्गमा स्थापना भएको चिया अलैंची अनुसन्धान केन्द्रका लागि जग्गा उपलब्ध गराउने कार्यमा सहयोग गरिएको छ, जसअन्तर्गत स्थानीय दाताहरुबाट ४१ रोपनी जग्गा निशुल्क प्राप्त भइसकेको र थप १०० रोपनी जग्गा प्राप्तिको लागि पहल भइरहेको छ ।
- इलाम नगरपालिका क्षेत्रमा स्थापित चिया उद्योगहरुमा नियमित विद्युत आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाउन नेपाल विद्युत प्राधिकरण समन्वय गरिएको छ ।
- उद्यमशीलताको प्रवर्द्धन र विकास तथा सार्वजनिक निजी साझेदारी अवधारणा अभ्यासलाई अगाडि बढाउनका लागि प्रारम्भिक कार्यहरु अगाडि बढाइएको छ ।
- उद्यमशीलता प्रवर्द्धनका लागि ऐलानी पर्ती जग्गाको सदुपयोग गर्ने गराउने कार्यका लागि आवश्यक प्रारम्भिक कार्यहरु भइरहेको छ ।

- उद्यमशीलता प्रवर्द्धनका लागि इलाम नगरपालिका वडा नं. ६ मा मेडपा कार्यक्रम चालु अवस्थामा छ र गत आ.ब. मा मेडपा कार्यक्रम लागू भएको वडा नं. ४ र ५ मा समेत सहयोग गरिएको छ ।

## सामाजिक विकास

- इलाम अस्पतालमा स्थापित स्वास्थ्य हेल्प डेस्क सञ्चालनमा आएको छ र हेल्पडेस्कका लागि कार्यविधिसहित जनशक्ति व्यवस्थापन गरिएको छ । डेस्कबाट इलाम अस्पतालमा सेवा लिन आउने सेवाग्राहीलाई निशुल्क रक्तचाप परीक्षण, ज्वरो परीक्षण र तौल परीक्षण सेवा भइरहेको छ ।
- नगरपालिकाको पहलमा इलाम अस्पतालमा ३ वटा डाइलोसिस मेसिन उपलब्ध भएकोमा सो मेसिन सञ्चालनमा ल्याई ताप्लेजुङ्ग, पाँचथर र इलामका किड्नी रोगीलाई सेवा प्रवाह भइरहेको छ ।
- इलाम नगरपालिका वडा नं. ३ को बागखोरमा स्वास्थ्य केन्द्र स्थापना गरी सञ्चालनमा आएको छ । इलाम नगरपालिका वडा नं. २ मा खोप केन्द्रको व्यवस्थापन गरिएको छ ।
- इलाम मेडिकल कलेजको स्थापनाका लागि नगरपालिकाको दायित्वमा पर्ने जग्गा व्यवस्थापन कार्यका लागि समिति गठन भइसकेको अवस्था रहेको छ । यसैगरी इलाम स्वास्थ्य विज्ञान प्रतिष्ठान संयोजन समिति गठन गरिएको छ ।
- पूर्णलाल श्रेष्ठ स्वास्थ्य बिमा कार्यक्रममार्फत नगरमा स्वास्थ्य बिमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन अस्पतालमा जन्मेका बालबालिका र नगरमा बसाइ सरी आउने नयाँ परिवारलाई स्वास्थ्य बीमा गराउनका लागि आवश्यक कार्य अगाडि बढाइएको छ ।
- प्रत्येक वडाका अति विपन्न नागरिकहरुलाई ५० प्रतिशत सहुलियतमा नेपाल सरकारको स्वास्थ्य बीमा गराउनका लागि प्रोत्साहित गरिएको छ ।
- जिल्ला स्तरीय माइ भगवती रङ्गशाला निर्माण कार्यलाई निरन्तरता दिइएको छ भने नेपाली सेनासँग समन्वय गरी ठूलो टुँडिखेललाई रङ्गशालामा रुपान्तरणका लागि डिपिआर बनाउने कार्य भएको छ ।
- नगर खेलकुद विकास प्रतिष्ठानमार्फत फूलपाती कार्यक्रम, नगरस्तरीय फुटवल कार्यक्रम सम्पन्न भएको छ र नगरका विद्यालयहरुमा प्रतिभा विकास तथा अतिरिक्त क्रियाकलाप प्रवर्द्धनका लागि प्रशिक्षण कार्यलाई अगाडि बढाउन नगरपालिकाअन्तर्गत गठित समितिमार्फत प्रस्ताव तयारी भइरहेको छ ।
- बागखोर/नेपालटार र गोदकबाट सदरमुकाम आउने विद्यार्थीहरुलाई सुविधाका लागि दातृ निकायमा स्कुल बसको प्रस्ताव गरिएको छ ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति सहयोगको लागि मेयर छात्रवृत्ति कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालयबाट उत्तीर्ण भएका १४ जना विद्यार्थीहरुलाई रत्नकुमार वान्तवा प्राविधिक शिक्षालयमा वन विज्ञान, फार्मेसी, बाली विज्ञान, पशु चिकित्सा र कृषिको अध्ययनको व्यवस्था मिलाइएको छ ।
- इलाम नगरपालिकाद्वारा सञ्चालित सामुदायिक कृषि क्याम्पसको लागि भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीहरु बीचको प्रभावकारी गुनासो सुनुवाइका लागि अर्धवार्षिक रुपमा शनिबारका दिन सम्बन्धित वडाध्यक्षको नेतृत्वमा गुनासो सुनुवाइ कार्यक्रम सञ्चालनका लागि वडा वडामा कार्यक्रम गर्न गराउन शुरु भएको छ ।
- नगरका विद्यालयहरुको स्तरोन्नतिका लागि नमुना विद्यालय कार्यक्रमहरु अगाडि बढेको छ ।
- हरितनगर अध्ययन अनुसन्धान केन्द्रलाई प्रभावकारी बनाउनका लागि समिति गठनको कार्य गरिएको छ ।
- महेन्द्ररत्न बहुमुखी क्याम्पसको शैक्षिक उन्नयनका लागि आयोजित कार्यशाला गोष्ठीमा नगरपालिकाको सहभागिता राखिएको छ र क्याम्पस हातामा खुला व्यायामशालाको निर्माण गरिएको छ ।
- सुत्केरी सुविधा कार्यक्रमलाई निरन्तरता दिइएको छ, साथै बच्चाको स्वास्थ्य बीमा र बच्चाको नाममा सहकारीमा बाल बचत खाता खोल्न प्रोत्साहित गरिएको छ ।
- आयुर्वेद सेवालाई थप प्रभावकारी बनाउँदै आयुर्वेद औषधालय र स्वास्थ्य केन्द्रहरुमा पर्याप्त औषधि तथा उपकरणको व्यवस्थापन गरिएको छ । आयुर्वेद औषधालयलाई अझ सुदृढ बनाउन आरोग्य समिति गठन गरिएको छ ।
- इलाम सामुदायिक आँखा अस्पताल र नेत्रज्योति संघबाट सञ्चालित आँखा उपचार केन्द्रको सेवालाई सहकार्य तथा समन्वय गरी गर्न प्रोत्साहित गरिएको छ ।
- स्वास्थ्य उपचार कोषमार्फत गम्भीर प्रकृति तथा कडारोग लागेका बिरामी तथा दीर्घ रोगीलाई सहयोग गरिएको छ ।
- बालबालिकाको समग्र विकासका लागि विविध कार्यक्रम सञ्चालन गरी बालमैत्री अवधारणा कार्यान्वयनको लागि आवशयक कार्यक्रम अगाडि बढाइएको छ ।

- इलाम नगरपालिका वडा नं. ७ स्थित ऐतिहासिक माइस्थानको जीर्णोध्दार, सौन्दर्यीकरण र ऐतिहासिक निसान तथा तोप पुनस्थापना गरिएको छ ।
- धार्मिक मठमन्दिर, देवीथान, गुम्वा, चैत्य, चर्च, मस्जिद निर्माण तथा सौन्दर्यीकरणका लागि प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- नगर बाल संजालको गठन गरी परिचालन गरिएको छ र बालश्रममुक्त नगरपालिका कार्यक्रमको लागि तथ्यांक संकलन भइरहेको छ ।
- नगरपालिकाबाट गठित विभिन्न समितिहरुलाई अनुदान दिने कार्यलाई निरन्तरता दिई आवश्यकतानुसार समितिका पदाधिकारी हेरफेर लगायत अन्य आवश्यक समितिहरु गठन गरी सञ्चालन परिचालनको व्यवस्थापन मिलाइएको छ ।
- नगर महिला समन्वय समिति, नगर दलित समन्वय समिति, नगर युवा परिषदहरुले वडा वडामा वडास्तरीय समिति गठनको काम सम्पन्न गरिसकेको अवस्था छ ।
- राजदुवालीमा विद्युतीय शवदाह स्थलको निर्माण तथा व्यवस्थापनका लागि दातृ निकायमा आवश्यक प्रक्रिया अगाडि बढाउन भूपू भारतीय सैनिक संगठनसँग अनुरोध गरिएको छ ।
- शान्ति सुरक्षा व्यवस्थाका लागि प्रहरी चौकी नभएका वडाहरुमा प्रहरी चौकी/ प्रहरी बिटको स्थापनाको लागि नेपाल सरकारमा अनुरोध गरिएकोमा वडा नं. ३ पुवामझुवा थलथलेमा प्रहरी बिट स्थापना भएको छ ।

## पूर्वाधार विकास

- चालु आ.ब. ०७९।०८० को पूर्वाधार विकास योजनातर्फ नगरस्तरीय योजनाअन्तर्गत ४० वटा र वडास्तरीय योजनाअन्तर्गत १६५ वटा योजनाहरुको संझौता भई सो योजनाहरु कार्यान्वयन भएको छ ।
- इलाम नगरपालिकाअन्तर्गत हाल कार्यान्वयनमा रहेका संघीय तथा प्रादेशिक योजनाहरुको कार्य समयमै सम्पन्न गर्न गराउन आवश्यक पहल र प्रयासहरु भएको छ ।
- इलाम नगरपालिका वडा नं. ६ बाह्रबस्ती र देउमाई न.पा.वडा नं. १ जोड्ने मोटेवल पुलको निर्माण कार्य शुरु भएको छ ।
- इलाम नगरपालिका वडा नं. ६ बाह्रबस्ती र देउमाई न.पा.वडा नं. १ फुटुक जोड्ने बाटोमा पर्यटकीय महत्व राख्ने बन्जी पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- महानन्दचोकदेखि चोकबजार हुँदै धोवीधारासम्मको सडक पिच र सडक मार्किङ्ग गरी सुधार गर्ने कार्य सम्पन्न भएको छ ।
- इलाम सहरी खानेपानी आयोजनालाई समयमै सम्पन्न गर्न गराउनका लागि राते र मेवा मुहान जोडने साथै इलाम बजार क्षेत्रको वितरण प्रणालीको कार्य सम्पन्न भई पानी वितरण कार्य शुरु भएको छ ।
- रहर लाग्दो शहर, बसौ बसौ लाग्ने गाउँ को अवधारणा अनुरुप अव्यवस्थित बसोबास, सुकुम्वासी, बस्ती विकास, शहरी केन्द्र र उपनगरको विकास जस्ता कार्य कार्यान्वयनको लागि पहल भइरहेको छ ।
- राष्ट्रिय भवन संहिता र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम घर निर्माण प्रक्रिया अझ प्रभावकारी बनाउन नक्सापास मापदण्डलाई संशोधन गरी लागू गरिएको छ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन/फोहोर मैला व्यवस्थापन

- नगरको सरसफाइ तथा स्वच्छता अभियानलाई पर्यटनसँग जोडेर प्रभावकारी बनाउन वडास्तरीय सरसफाइ अभियान समितिअन्तर्गत प्रत्येक टोल टोलमा अभियान सञ्चालनका लागि पहल र प्रयास भइरहेको छ ।
- सरसफाई क्षेत्रको विस्तार तथा खाल्डे फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्न स्वीकृत विस्तृत परियोजना प्रस्तावबमोजिम समयमै निर्माण कार्य सम्पन्न गर्न जोड दिइएको छ ।
- विपद व्यवस्थापनमा तत्काल राहत तथा पुनरस्थापनाका लागि कोषको व्यवस्थापन गरिएको र विपद राहतमा नक्सापास अभिलेखलाई समेत आधार मानी राहत वितरणलाई पारदर्शी गरिएको छ ।
- विपद व्यवस्थापन योजनाअन्तर्गत आपतकालीन कार्यसञ्चालन केन्द्रलाई आधुनिक सञ्चारसुविधासहित साधन सम्पन्न बनाई वडागत रुपमा उद्धार तथा राहत सामग्रीको व्यवस्थापन गर्ने कार्य भएको छ ।
- वातावरणीय प्रदुषण नियन्त्रणका लागि वायु प्रदुषण मापनको लागि आवश्यक व्यवस्था मिलाउन क्लिन इनर्जी र उ.वा.संघ अन्तर्गतको अमेरिकन कर्नरसँग समन्वय भएको छ ।
- नेपाली सेनालाई विपद व्यवस्थापनसँग सम्बन्धित सामग्रीहरु उपलब्ध गराइएको छ ।

- विपद व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तराष्ट्रिय अभ्यास अध्ययन अवलोकनका लागि नगर प्रमुखको नेतृत्वमा ५ दिने कोरिया भ्रमण सम्पन्न भएको छ ।

## सुशासन तथा संस्थागत विकास

- वर्तमान विश्वव्यापी आर्थिक संकुचन तथा मन्दीको कारण सिर्जित समस्यालाई मध्यनजर गरी नगरपालिकाको खर्च घटाउने कार्यलाई प्राथमिकतामा राखिएको छ र राजश्व अभिबृद्धिका लागि वडा कार्यालयलाई परिचालन गरिएको छ ।
- आम नगरवासीको गुनासो सम्बोधनका लागि चालु आर्थिक वर्षमा इलाम नगरपालिकाको सम्पत्तिकर, मालपोत, व्यवसायकर, सफाइ सेवा शुल्क, नक्सापास दस्तुरमाा करको दर घटाई छुट सुविधा दिइएको छ ।
- इलाम नगरपालिकालाई भ्रष्ट्राचारमुक्त तथा बेरुजु शून्य नगरपालिका बनाउनजनप्रतिनिधिबाट भ्रष्टाचार नगर्ने र हुन नदिने भनी शपथ गरिएको छ र जनप्रतिनिधि तथा नगरपालिकाअन्तर्गत गठन हुने विभिन्न समितिका पदाधिकारीहरुलाई शपथ ग्रहण अनिवार्य गराइएको छ ।
- नगरपालिकाद्धारा सञ्चालन भएका कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कनका लागि अनुगमनसम्बन्धी कार्यविधि तयार गरी लागू गरिएको छ ।
- वडा कार्यालय, नगर प्रहरी तथा अनुगमनका लागि जिम्मेवार निकायलाई परिचालन गरी बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यलाई निरन्तरता दिइएको छ ।
- वडा वडामा स्थापित मेलमिलाप केन्द्रमार्फत कानुनी साक्षरता तथा मानव अधिकार प्रवर्द्धनलाई कार्यान्वयन गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत श्रममा आधारित सडक नाली तथा सिंचाइ कुलो सफाइ जस्ता रोजगारका कार्यक्रमहरु वडा वडामा सञ्चालन गरिएको छ ।
- राजश्व प्रशासनलाई सुदृढ गर्न वडा कार्यालयमार्फत व्यवसायकर, बहालकर, नक्सापास र बहाल बिटौरीलाई अभियानको रुपमा सञ्चालन गरिएको छ ।
- सुरक्षित आप्रवासनका लागि नगर प्रमुख सुरक्षित आप्रवासन आपतकालीन कोष निर्माण गरी सञ्चालन व्यवस्थापन गरिएको छ र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको पुन एकीकरण कार्यक्रमसञ्चालन भइरहेको छ ।
- वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाउने कार्यमा सहयोगका लागि नेपाल सरकारको नीतिबमोजिम श्रम स्वीकृति दिने कार्य शुरु भएको छ ।
- विगतमा धरान उपमहानगरपालिकासँग भगिनी सम्बन्ध भएकोमा जनकपुरधाम न.पा. सँग पनि भगिनी सम्बन्धका लागि कारवाही अगाडि बढेको छ र भारत सिक्किमको गान्टोक नगरपालिका र जापानको अनान सिटी (नगरपालिका) सँग भगिनी सम्बन्धका लागि प्रारम्भिक कार्यहरु भइरहेको छ ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ बमोजिम आ.ब. ०७८।०७९ को स्वमूल्यांकन हुँदा इलाम नगरपालिकाले ९३% प्रतिशत अंक प्राप्त गरेको छ ।